ईश्वरपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः २ | अंक : ३ | मितिः २०७५ /०९ /२२

**भाग-१**

**ईश्वरपुर नगरपालिका**

# शिक्षा ऐन, २०७५

**प्रस्तावना :**

देश विकासको लागि सबै बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा र युवा तथा प्रौढको जीवन पर्यन्त सिकाईद्वारा यस क्षेत्रमा आवश्यक पर्ने दक्ष, योग्य, सीपयुक्त उत्पादनमुलक, जनहितका लागि स्थानिय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी, आत्मानिर्भर, समृद्ध रसभ्य समाज निर्माणको लागि आवस्यक पर्ने जनशक्ति उत्पादन गर्न तथा सत प्रतिशत बालबालिकाहरुको शिक्षालाई सर्वसुलभ, गुणस्तरीय, समयसापेक्षे बनाउदै, भाषा र संस्कृतिको सम्मान गर्दै, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक समाजवाद उन्मुख समाज निर्माणप्रति प्रतिबद्ध  व्यवस्थापन अनुकुल सर्वसांधारण जनताको सदाचार, शिष्टाचार, सदभाव र नैतिकता कायम राख्न परिबर्तित् शन्दर्भमा यस नगरपालिकाको विद्यालयीय शिक्षालाई ब्यबस्थित र  विकास गर्न वाञ्छनीय भएकोले नेपालको संविधान २०७२ को धारा ५७ को अनुसूची ८ को सूची नं. ८ र संविधानकै धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा १०२ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी ईश्वरपुर नगरपालिकाले यो शिक्षा ऐन, २०७५ जारी गरेको  छ ।

**परिच्छेद-१**

# संक्षिप्त नाम, विस्तार र प्रारम्भः

१) यस ऐनको नाम **"स्थानीय शिक्षा ऐन २०७५"** रहेको छ ।

२) यो ऐन सर्लाही जिल्ला ईश्वरपुर नगरपालिकामा लागू हुनेछ ।

३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात प्रारम्भ हुनेछ ।

**परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा-

क) **"आधारभूत शिक्षा"** भन्नाले प्रारम्भिक बाल विकास शिक्षा देखि कक्षा आठ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

ख) **"प्रारम्भिक बाल विकासशिक्षा"** भन्नाले प्राथमिक कक्षामा भर्ना हुनको लागि निर्धारित पाँचवर्ष उमेर पुरा भई नसकेका (चार वर्ष माथि र पाँच बर्ष मुनिका)बालबालिकाहरुको शारीरिक, सामाजिक, संवेगात्मक र बौद्धिक विकास लगायत सर्वाङ्गीण विकासका लागि सञ्चालन गरिने 'कार्यक्रम' भन्ने सम्झनु पर्छ ।

ग) **"प्राथमिक शिक्षा"** भन्नाले कक्षा एक देखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

घ) **"निम्न माध्यमिक शिक्षा"** भन्नाले कक्षा ५ देखि कक्षा आठ सम्म दिइने शिक्षासम्झनु पर्छ ।

ङ) **"माध्यमिक शिक्षा"** भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

च) **"विद्यालय शिक्षा"** भन्नाले शिशु कक्षा देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

छ) **"नगरपालिका"** भन्नाले सर्लाही जिल्लाको ईश्वरपुर नगरपालिका सम्झनु पर्छ ।

ज) **"नगरसभा"** भन्नाले सर्लाही जिल्लाको ईश्वरपुर नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

झ) **"विशेष शिक्षा"** भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिकअपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ ।

ञ) **"समावेशी शिक्षा"** भन्नाले सामाजिक रुपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेसी, थारु, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम, पिछडावर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्यलाई दिइने शिक्षा बुझिनेछ ।

ट) **"प्राविधिक तथा ब्यावसायिक शिक्षा"** भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

ठ) **"सामुदायिक विद्यालय"** भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकारबाट नियमित रूपमा अनुदानपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयसम्झनुपर्छ ।

ड) **"संस्थागत विद्यालय"** भन्नाले निजी पहलमा स्थापना गरिएका स्थानीय सरकारबाट अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

ढ) **"कर्मचारी"** भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

ण) **"तोकिएको"** वा **"तोकिएबमोजिम"** भन्नाले यस ऐन अन्तर्गत तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

त) **"अनुमति"** भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

थ) **"स्वीकृति"** भन्नाले तोकिएबमोजिमको शर्त पुरा गरेको विद्यालयलाई संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार समेतको मापदण्डको आधारमा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

द) **"आवासीय विद्यालय"** भन्नाले संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाबाट आवासीय विद्यालयको रूपमास्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

ध) **"शैक्षिक गुठी"** भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

न) **"स्थायी आवासीय अनुमति"** भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डिभी), परमानेन्टरैजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

प) **"नगर प्रमुख"** भन्नाले ईश्वरपुर नगरपालिकाका प्रमुखलाई जनाउँछ ।

(फ) **"नगर उपप्रमुख"** भन्नाले ईश्वरपुर नगरपालिकाका उपप्रमुखलाई जनाउँछ ।

(ब) **"प्रमुख प्रसाशकीय अधिकृत"** भन्नाले ईश्वरपुर नगरपालिकाका प्रशासनिक प्रमुखलाई जनाउँछ ।

(भ) **"शिक्षा अधिकृत"** भन्नाले नगरपालिकको शिक्षा, युवा तथा खेदकूद शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(म) **"नगर शिक्षा समिति"** भन्नाले ईश्वरपुर नगरपालिकाको शिक्षा समितिलाई जनाउँछ ।

परिच्छेद-२

# शिक्षाको प्रकार र विद्यालयको वर्गीकरण

४. **माध्यमिक शिक्षाको प्रकार :** माध्यमिक शिक्षा देहाय बमोजिमका हुने छ ।

क) साधारण माध्यमिक शिक्षा

ख) प्रचलित ऐन नियम अनुसार खोलिएका स्थानीय धार्मिक साँस्कृतिक विद्यालयहरु

ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा .

४) विद्यालयको अनुमति, स्वीकृति, बर्गिकरण र समयोजन तोकिए बमोजिम हुनेछ ।

**५) शिक्षाको माध्यमः**

१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबैभाषा हुनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :-

क) प्राथमिक तहको शिक्षा मातृभाषामा दिन सकिनेछ ।

ख) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

ग) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा अंग्रेजी भाषामानै गराउनु पर्नेछ ।

६) विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने छ ।

७) विद्यालय संचालन गर्न तोकिए बमोजिमको आधारमा अनुमति लिई सञ्चालन गर्नुपर्नेछ ।

८) नगरपालिकाले प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापनको लागि तोकिए बमोजिम थप व्यवस्था गर्न सक्नेछ ।

९) नगरपालिकाले तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने छ ।

१०) नगरपालिकाले तोकिए बमोजिमको आधारमा विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न वा कक्षा थप गर्न सक्ने छ ।

परिच्छेद-३

# विद्यालय खोल्ने अनुमति वा स्वीकृति सम्बन्धी व्यवस्था

११) **विद्यालय खोल्ने अनुमतिको लागि निवेदन दिनु पर्ने :** (१) कसैले विद्यालय खोल्न चाहेमा वडा समितिको सिफारिस लिई शैक्षिकसत्र सुरु हुनुभन्दा कम्तीमा तीन महिना अगावै तोकिए बमोजिमको ढाँचामा नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

१२) **विद्यालय खोल्नको लागि पूरा गर्नु पर्ने पूर्वाधार :** विद्यालय खोल्नको लागि तोकिए बमोजिमको पूर्वाधार पूरा गरेको हुनु पर्नेछ ।

१३) **विद्यालय खोल्न अनुमति दिने :** (१) दफा ११ बमोजिम विद्यालय खोल्ने अनुमतिको लागि निवेदन परेमा विद्यालय निरीक्षकले निवेदनसाथ प्राप्त कागजातहरु र स्थलगत जाँचबुझ गर्नेछ । त्यसरी जाँचबुझ गर्दा प्रस्तावित विद्यालयको लागि नियम १२ बमोजिमको पूर्वाधार पूरा भएको देखिएमा शैक्षिकसत्र सुरु हुनुभन्दा दुई महिना अगावै आफ्नो राय सहितको प्रतिवेदन विद्यालय निरीक्षकले शिक्षा अधिकृत समक्ष प्रतिवेदन पेश गर्नेछ । त्यसरी पेश भएको प्रतिवेवदन शिक्षा अधिकृतले शिक्षा समितिको वैठकमा पेश गर्नुपर्नेछ । यस्तो प्रतिवेदनमा अनुमति माग गरिएको विद्यालय सामुदायिक वा संस्थागत कुन स्वरुपमा संचालन गर्ने अनुमति माग गरिएको हो सोका सम्बन्धमा एकिन उल्लेख हुनु पर्ने छ ।

१ (क) संस्थागत विद्यालय संचालनका लागि तोकिए बमोजिम निजी वा सार्वजानिक गुठी अर्न्तगत अनुमति दिइनेछ ।

(२) उपदफा (१) बमोजिम नगर शिक्षा समितिको वैठकबाट अनुमति दिने सिफारिसको निर्णय भएमा कार्यापालिका समक्ष पठाउनु पर्नेछ । यसरी प्राप्त सिफारिशको आधारमा कार्यपालिकाले स्विकृति सम्बन्धमा आफ्नो सिफारिस सहित नगरसभामा पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) अनुसार नगरसभाले कार्यपालिकाको सिफारिस उपयुक्त देखेमा विद्यालय खोल्न अनुमति दिन सक्नेछ । नगरसभा को निर्णय बमोजिम शिक्षा शाखा प्रमुखले तोकिए बमोजिमको ढाँचामा अनुमति दिनेछ ।

(४) यसरी अनुमति दिँदा शैक्षिकसत्र सुरु हुनुभन्दा ३० दिन अगावै तोकिए बमोजिमको ढाँचामा अनुमति दिनुपर्नेछ ।

(५) उपदफा (२) वमोजिम नगर शिक्षा समितिले विद्यालय खोल्ने अनुमतिको सिफारिश गर्ने निर्णय गर्दा विद्यालय नक्साङकन, स्कुल जोनिङ्ग र नगर शिक्षा समितिले निर्धारण गरेको नगरपालिका र वडाको लागी विद्यालयको अधिकतम संख्याको अधीनमा रही दिनु पर्नेछ ।

(६) कसैले ऐन विपरीत अनुमति दिएको वा प्राप्त गरेको पाइएमा नगरकार्यपालिकाले छानविन गरी त्यसरी अनुमति प्राप्त विद्यालयको अनुमति जुनसुकै बखत रद्द गर्नेछ र त्यस्तो अनुमति दिनका लागि सिफारिस गर्ने र अनुमति प्रदान गर्ने पदाधिकारी तथा कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

(७) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनी शैक्षिक शत्र २०७४ मा नयां विद्यालय खोल्न तथा कक्षा थप गर्ने सम्बन्धमा दर्ता भएका फाईलको सम्बन्धमा एक पटकको लागि माग भएअनुसार दुईवटा कक्षा थप गर्ने गरी विद्यालय खोल्न बाधा पर्नेछैन ।

१४) **विद्यालयले पालना गर्नु पर्ने शर्त तथा बन्देज :** विद्यालयले पालन गर्नु पर्ने शर्त तथा बन्देजहरू देहाय बमोजिमहुनेछन् :

(क) नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नु पर्ने,

(ख) नगर शिक्षा समितिको स्वीकृति नलिई थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री प्रयोग गर्न नहुने,

(ग) राष्ट्रियता प्रति आँच आउने पाठ्यसामग्री भएको पाठ्यपुस्तक अध्यापन गर्न, गराउन नहुने,

(घ) विद्यालयमा वालमैत्री, अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री बातावरण सृजना गर्ने,

(ङ) अभिभावकको वार्षिक भेला गराई विद्यालयको आय व्यय, शैक्षिक उपलब्धि र आगामी शैक्षिक सत्रको कार्यक्रमको जानकारी गराउनु ,

(च) यस नियमावली बमोजिम आय व्ययको लेखा राख्नु पर्ने,

(छ) विद्यालयले गरेको लगानीको अभिलेख राख्नु पर्ने,

(ज) विद्यालयमा नेपालको राष्ट्रिय एकता, सार्वभौमिकता, जातीय, क्षेत्रीय, भाषिक, लैगिक, सामाजिक तथा धार्मिक सहिष्णुतामा खलल पार्ने कुनै पनि क्रियाकलाप हुन नदिने,

(झ) सामुदायिक विद्यालयमा नगर कार्यपालिकाले तोकेको संख्याको अधिनमा रही शिक्षक सेवा आयोगको सिफारिस अनुसार शिक्षक नियुक्ति गर्नु पर्नेछ,

(ञ) विद्यालयमा नियमित रुपमा परियोजना कार्य, सामाजिक सेवा,अतिरिक्त क्रियाकलाप, तथा अन्य कार्यक्रम सञ्चालन गर्नु पर्ने,

(ट) विद्यालय तथा छात्रावासमा स्वस्थकर, सत्य, निष्ठा र नैतिक चरित्र निर्माण, उद्यमशिलता पवर्द्धन, समाजिक सद्भाव प्रवर्द्धन तथा सामाजिक विकृति (वालविवाह, नीरक्षरता, छाउपडी, दहेज, बोक्सावोक्सी, छुवाछुत, जातिगत उचनीचता, छोरी माथिको विभेद आदि ) उन्मुलन को वातावरण कायम गर्न स्थानीय पाठ्यक्रम तयार गरी स्वीकृतिको लागि प्रस्तुत गर्ने र कार्यान्वयनको आवश्यक व्यवस्था मिलाउने,

(ठ) आवासीय विद्यालयमा नगर शिक्षा समितिले निर्धारण गरे बमोजिम विद्यार्थीको लागि खाना तथा पौष्टिक आहारको गुणस्तर कायम गर्नु पर्ने,

(ड) नगरसभाले पारित गरेको कानून तथा शैक्षिक नीतिको अधिनमा रही काम गर्नपु र्ने छ ,

(ढ) यस ऐन बमोजिम पूरा गर्नु पर्ने पूर्वाधारहरू कायम राख्नु पर्ने र विद्यार्थी संख्याका आधारमा पूर्वाधारको विस्तार तथा स्तर वृद्धि गर्नुपर्ने,

(ण) मन्त्रालय वा शिक्षा,युवा तथा खेलकूल शाखाले निर्धारण गरेको ढाँचामा विद्यालयले शैक्षिक तथ्याङ्क तयार गरी शैक्षिक सत्र सकिएको १५ दिन भित्र शिक्षा शाखामा पठाउनु पर्ने,

(त) विद्यालयले विद्यार्थीको लागि प्रयोग गर्ने सवारी साधन प्रचलित कानून बमोजिमको मापदण्ड अनुरुप परीक्षण गरिएको हुनु पर्ने,

(थ) तोकिएको मापदण्ड अनुरुप विद्यालयको भवन तथा कक्षाकोठा सफा तथा सुरक्षित राख्नु पर्ने,

(द) प्रत्येक वर्ष विद्यालयको भौतिक तथा सामाजिक परीक्षण गराई त्यसको प्रतिवेदन शिक्षा शाखामा पठाउनु पर्नेछ।

**१५) विद्यालय खोल्न स्वीकृति प्रदान गर्ने :** (१) दफा १३ को उपदफा (३) बमोजिम अनुमति प्राप्त आधारभूत तथा माध्यमिक विद्यालयले स्वीकृतिको लागि तोकिए बमोजिमको ढाँचामा नगरकार्यपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा शिक्षा शाखा मार्फत त्यस्तो विद्यालयको जाँचबुझ गरी वा गराई त्यसको प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ प्रतिवेदन प्राप्त भएपछि दफा १४ बमोजिमको शर्त तथा बन्देज पूरा गरेको देखिएमा नगर शिक्षा समितिको निर्णयको आधारमा ताकिएको ढाँचामा कार्यपालिकाले आफ्नो निर्णय सहित नगर सभा समक्ष पेश गर्नु पर्नेछ । यसरी प्राप्त सिफारीस सभाबाट स्विकृत भएमा शिक्षा,युष तथा खेलकुद शाखाले दफा १४ बमोजिमको शर्त तथा बन्देज को अधिनमा रही त्यस्तो विद्यालयलाई तोकिए बमोजिमको ढाँचामा स्वीकृति प्रदान गर्नेछ ।

**१६) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धी व्यवस्था** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आधारभूत तहसम्म मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धी प्रक्रिया दफा १५ बमोजिम हुनेछ । यसका लागि एकल भाषाभाषी विद्यालयमा मातृभााषामा शिक्षा दिने, द्वीभाषी विद्यालयमा दुवै भाषामा शिक्षा दिने र वहुभाषी विद्यालयमा भाषिक स्थानान्तरणको नीति अपनाई वालवालिकाहरुलाईउनीहरुको मातृभाषाबाट नेपाली वा अंग्रेजी भाषामा सहज रुपमा लाने व्यवस्था गरिने छ । एकल वा द्वीभाषी विद्यालयका अभिभावकले चाहेमा त्यहां पनि भाषिक स्थानान्तरणको नीति अपनाइले छ । सबै खाले भाषाभाषीलाई एकअर्काको भाषा, लिपि तथा संस्कृति सिक्न एवं सिकाउन प्रोत्साहित गरिने छ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आधारभूत तह भन्दा माथि मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धी प्रक्रिया र मापदण्ड संघीय शिक्षा मन्त्रालयले निर्धारण गरेबमोजिम हुनेछ ।

**१७) मुनाफा नलिने विद्यालय सञ्चालन सम्बन्धी व्यवस्था:** (१) सघीय कानूनको मापदण्ड बमोजिम गुरुकुल, आश्रम, मदरसा, गुम्बा वा गोन्पा समेतका सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले विद्यालय सञ्चालन गर्न निवेदन दिने लगायत त्यस्तो विद्यालयको अनुमति, स्वीकृति र कक्षा थप सम्बन्धी व्यवस्था दफा ११, १३ र १७ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम विद्यालय सञ्चालन गर्न पूरा गर्नु पर्ने पूर्वाधार तोकिए बमोजिम हुनेछ ।

(३) गुरुकुल, आश्रम, मदरसा, गुम्बा वा गोन्पा समेतका सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले सञ्चालन गर्ने शिक्षा सम्बन्धी नीति, पाठ्यक्रम, त्यस्ता संस्थालाई दिने अनुदान तथा समन्वय सम्बन्धी व्यवस्था मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

**१८) कम्पनी ऐन अन्तर्गत सञ्चालित विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्ने सम्बन्धी व्यवस्था:** (१) कम्पनी अन्तर्गत सञ्चालन भएको कुनै विद्यालय शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न चाहनेले सोको अनुमतिको लागि ताकिएको ढाँचामा कार्यपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा स्थानीय शिक्षा अधिकृत वा निरीक्षक द्वारा त्यस्तो विद्यालयकोजाँचबुझ गराई त्यसको प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रतिवेदन प्राप्त भएपछि उक्त प्रतिवेदन र निवेदनसाथ प्राप्त कागजात जाँचबुझ गर्दा त्यस्तो विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न मनासिब देखेमा नगर शिक्षा समितिको सिफारिस साथ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त सिफारिस जाँचबुझ गर्दा उपयुक्त देखिएमा कार्यपालिकाले त्यस्तो विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न तोकिएको ढाँचामा अनुमति दिनेछ ।

**१९) यस अघि दर्ता भएका विद्यालय सम्वन्धि व्यवस्था :** (१) यस ऐनमा अन्यत्र जेसुकै उल्लेख भए पनि यस अघि नियमानुसार अनुमती वा स्वीकृती प्राप्त गरी संचालनमा रहेका विद्यालयहरु यसै ऐन वमोजिम संचालन भएका मानिनेछन् ।

**२०) धरौटी राख्नु पर्ने: विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको सुरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछ :**

| तह | संस्थागत विद्यालय तर्फ | समुदायिक विद्यालय तर्फ |
|---|---|---|
| (क) माध्यमिक विद्यालय | पाँच लाख रूपैयाँ | दुई लाख पचास हजार रूपैयाँ |
| (ख) आधारभूत विद्यालय | दुई लाख पचास हजार रूपैयाँ | एक लाख पच्चिस हजार रूपैयाँ |

| | | |
|---|---|---|
| (ग) प्राथमिक विद्यालय | एक लाख पचास हजार रूपैयाँ | निशुल्क |

तर, (१) दफा १७ बमोजिम विद्यालय सञ्चालन गर्ने अनुमति लिँदा धरौटी राख्नु पर्ने छैन ।

(२) बिशेष आवश्यकता भएका विद्यार्थिका लागि वा सिमान्तकृत वा अति विकट भौगिलिक क्षेत्रमा विद्यालय खोल्दा कार्यापालिकाले निर्धारण गरेको मापदण्ड बमोजिम धरौटी छुट दिन सकिनेछ ।

२१) **धरौटी रकम जम्मा गरिने :** (१) विद्यालयले दफा २० बमोजिमको धरौटी बापतको रकम कार्यपालिकाको धरौटी खातामा जम्मा गर्नपर्नेछ ।

२२) **सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल,नेपाल र शहीद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयको नियमनको लागि संघीय शिक्षा मन्त्रालयले जारी गरेको कार्यविधिअनुसार हुने ।**

**(२२ क) दफा २० मा जुनसुकै कुरा लेखिएको भएता पनि संस्थागत विद्यालय खोल्ने वा कक्षा थप सम्बन्धि अनुमति को लागि धरौटी राख्दा देहायको विषयमा देहाय बमोजिम हुनेछ ।**

| **कक्षा** | **जम्मा गर्नुपर्ने** |
|---|---|
| एक र दुई | रू पच्चास हजार |
| तीन र चार | रू एक लाख |
| पाँच | रू एक लाख पच्चास हजार |

२३) **विद्यालय गाभ्न सकिने :** (१) देहायको कुनै अवस्थामा दुई वा दुईभन्दा बढी विद्यालयलाई एक आपसमा गाभी एउटा विद्यालय कायम गर्न सकिनेछ :

(क) तोकिए बमोजिमको पूर्वाधार कायम नरहेको,

(ख) अधिकांश कक्षामा दश प्रतिशत भन्दा कम विद्यार्थी संख्या भएको,

(ग) दुई वा सोभन्दा बढी विद्यालयको परिसर एक आपसमा जोडिएको,

(घ) दुई वा सोभन्दा बढी विद्यालय बीचको पैदल दूरी तीस मिनेटभन्दा कमरहेको,

(ङ) दुई वा सो भन्दा बढी विद्यालयका व्यवस्थापन समितिले विद्यालय गाभ्न संयुक्त निवेदन दिएको ।

(२) उउदफा (१) बमोजिमको आधारमा विद्यालयहरु गाभ्ने निर्णय गर्दा कार्यपालिकाले त्यस्ता विद्यालयको लागि आवश्यक शिक्षक तथा कर्मचारीको दरबन्दी यकिन गरी बढी हुन आएको शिक्षक तथा कर्मचारीको व्यवस्थापनकोविषयमा समेत निर्णय गर्नु पर्नेछ ।

(३) यस ऐनमा उल्लेखीत विद्यालय गाभ्ने सम्वन्धी व्यवस्थालाई कार्यान्वयन गर्न कार्यपालिकाले नगर शिक्षा समितिको सिफारिसमा कार्यविधी बनाई लागू गर्न सक्नेछ । यसरी गाभिएर खाली भएको वा बन्द भएको विद्यालयमा सामुदायिक प्रयोजनका लागि पुस्तकालय, म्युजियम, संवाद स्थल, वा सीप विकास केन्द, सामुदायिक केन्द्र जस्ता संस्था बनाउन सकिने छ ।

२४) **गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्तीको व्यवस्थापन :** (१) दफा २३ बमोजिम विद्यालय गाभिएमा गाभिने विद्यालयमा रहेको चल अचल सम्पत्ति, फर्निचर, पाठ्यपुस्तक, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्री गाभिएको विद्यालयको नाममा नामसारी गरी वा जिन्सी दाखिला गरी आम्दानी बाँधी अभिलेख राख्नु पर्नेछ ।

२५) **विद्यालयको तह वा कक्षा घटाउन सकिने :** कुनै विद्यालयको सम्बन्धमा दफा २४ को अवस्था विद्यमान रहेको भए तापनि विद्यालय गाभ्ने आधार औचित्यपूर्ण नदेखिएमा शिक्षा शाखाको सिफारिसमा कार्यापालिकाले त्यस्तो विद्यालयको माथिल्लो तह वा कक्षा घटाउन सक्नेछ ।

**२६) विद्यालयको कक्षा थप गर्न सकिने : (१)** कुनै विद्यालयले कक्षा थप गर्न चाहेमा शैक्षिकसत्र सुरु हुनुभन्दा कम्तीमा दुई महिना अगावै नगरकार्यपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा नगरपालिकाले थप हुने कक्षाको लागि तोकिए बमोजिमको पूर्वाधार पूरा भए वा नभएको सम्बन्धमा आवश्यक जाँचबुझ गर्न शिक्षा शाखामा पठाइदिनेछ । शिक्षा शाखाले स्थलगत जाँचबुझ गर्दा पूर्वाधार पूरा गरेको देखिएमा निर्णयको निमित्त नगर शिक्षा समितिमा पेश गरी समितिको सिफारिश अनुसार नगर कार्यपालिकाले शैक्षिकसत्र सुरु हुनु अगावै कक्षा थप गर्न अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक शिक्षा प्रदान गर्ने वाहेक अन्य विद्यालयको कक्षा एघार र बाह्रको कक्षा थप र विषय थप गर्ने अनुमति संघीय शिक्षा मन्त्रालयबाट स्वीकृत मापदण्डका आधारमा नगर सभाले दिनेछ

परिच्छेद-४

## नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धि कार्यविधि

२७) **नगर शिक्षा समितिको संरचना तथा कार्यसंचालन विधिः** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ :-

क) नगरपालिका प्रमुख — संयोजक

ख) नगरपालिका उपप्रमुख — सदस्य

ग) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत — सदस्य

घ) नगर कार्यपालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजक — सदस्य

ङ.) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट नगर कार्यपालिकाले मनोनितगरेको एकजना — सदस्य

च) समाजसेवी, शिक्षा प्रेमी, वा चन्दादाताहरु मध्येबाट नगर कार्यपालिकाबाट मनोनित कम्तीमा एकजना महिला र दलित सहित दुई जना — सदस्य

छ) आधारभूत, माध्यमिक तह समेटने गरी विद्यालयका शिक्षक तथा प्रधानाध्यापकहरु मध्येबाट नगर कार्यपालिकाले मनोनित गरेको एकजना महिला सहित तीनजना — सदस्य

ज) नगरपालिका क्षेत्रको शिक्षक महासंघका अध्यक्ष/प्रतिनिधि १ जना — सदस्य

झ)नगरपालिकाभित्रका सेवा निवृत शिक्षक वा अनुसन्धानकर्ता मध्येबाट नगरपालिकाले मनोनित १जना — सदस्य

ञ)नगरपालिका भित्र कार्यरत विद्यालय निरीक्षक — सदस्य

ट) निजी वा धार्मिक विद्यालयका प्रतिनिधि — सदस्य

ठ) नगरपालिकाको शिक्षा,युवा तथा खेलकूद शाखा प्रमुख — सदस्य सचिव

२) समितिका मनोनित सदस्यको कार्यकाल २ वर्षको हुनेछ।

३) नगर शिक्षा समितिको बैठकमा प्रदेश सभा तथा सघिंय संसदका सदस्यलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ .

४) आवश्यकता अनुसार विषय विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ।

५) उपदफा (१) अनुसार मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा नगर कार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन सक्नेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टिकरणको मौकावाट वञ्चित गरिने छैन ।

६) शिक्षा समितिको बैठक कम्तिमा प्रत्येक चौमासिकमा एक पटक वस्नुपर्नेछ ।

७) बैठक संचालनको लागि कम्तिमा ५० प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्नेछ भने वैठकको निर्णय वहुमतको अधारमा हुनेछ ।

**८) नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :**

क) विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षक र स्थानीय नगरका शिक्षाविद्हरुसंग समन्वय गरी नगरस्तरीय शिक्षा योजना तर्जुमा गर्ने ।

ख) नगरपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने, कक्षा थप्ने र घटाउने सम्बन्धमा नगरपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने ,

घ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने,

ङ) विद्यालयहरुको लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने,

च) नगरपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक, कर्मचारी, दरबन्दी, सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने ,

छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक सहजिकरण गर्ने, निर्देशन दिने, जागरुक र सजग वनाउने ,

ज) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने,

झ) अभिभावक, कर्मचारी र शिक्षक वीच विवाद भएमा त्यसको समाधान गर्ने,

ञ) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मूल्यांकन गर्ने तदनुसार अपेक्षित गुणस्तर कायम भएका विद्यालयलाई पुरस्कृत गर्ने, नभएकालाई सघाउने तथा लगातार तीन वर्षसम्म राम्रो नतिजा नल्याउनेलाई नसिहत दिने,

ट) विद्यालयहरुलाई सामाजिक परीक्षण गर्न लगाउने,

ठ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने,

ड) विद्यालयको सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने,

ढ) शैक्षिक गुठीसंग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने,

ण) शैक्षिक संस्था र शिक्षासंग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसिहत, दण्ड, कारवाही गर्ने गराउने,

त) विशेषज्ञहरुको छनौट गरीठेगाना, फोन, इमेल भएको सम्पर्क सहितको सूची प्रकाशन गर्ने,

थ) संस्थागत विद्यालय संचालनको मापदण्ड बनाउने, संचालनको स्वीकृती र अनुमतिको लागिनगरपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने,

द) नक्सांकन, जोनिड. सहित विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह र कक्षा थप गर्ने,वा कक्षा घटाउने नीति तर्जुमा गरी नगरपालिकामा पेस गर्ने,

ध) विद्यालयमा विषयगत शिक्षक दरवन्दी मिलान गर्ने तथा शिक्षक कर्मचारीहरुको सरुवा व्यवस्थापन गर्ने,

न) सामुदायिक सिकाई केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने .

प) आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन गर्ने,

फ) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रवन्ध गर्ने ,

ब) विद्यालयमा पठनपाठनको अधिकतम प्रवन्ध हुने गरी शैक्षिक क्यालेण्डरबनाई लागु गर्ने गराउने ,

भ) शिक्षक तालिम नीति तर्जुमा गरी लागु गर्ने,

म) नगर कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने,

य) विद्यालयहरुलाई सक्षमतामा अधारिता (Performance Based) अनुदान दिने वा अनुदान दिन सम्बन्धित निकायमा सिफारिस गर्ने,

र) विद्यालयका शिक्षक तथा कर्मचारीलाई तोकिए बमोजिम प्रोत्साहनसहित स्वेच्छिक अवकासको प्रवन्ध गर्ने,

ल) नगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुबीच स्वस्थ प्रतिस्पर्धा गराई विद्यार्थीहरुको चौतर्फि बिकासकालागि अतिरिक्त कृयाकलाप सञ्चालन गर्ने,

व) नगरपालिका क्षेत्र भित्रका सामुदायिक, संस्थागत, धार्मिक साँस्कृतिक र गुठी अन्तर्गतका विद्यालयहरुको शुल्क निर्धारण, शिक्षकको योग्यता, पारिश्रमिक, पाठ्यसामग्री, छात्रवृत्ति, शिक्षण सिकाई, पोसाक आदिको नियमन, मूल्यांकन, अनुगमन र निर्धारण गर्ने ।

श) तोकिएवमोजिमका अन्य कार्यहरु गर्ने,

ष) शैक्षिक क्यालेण्डर बनाई विद्यालय सञ्चालन गर्न शिक्षा शाखा मार्फत व्यवस्थापन समितिलाई निर्देशन दिने ।

स) विद्यालय सुधार तथा विकासका लागि नीति निर्देशन गर्ने ।

परिच्छेद-५

## वडा शिक्षा समितिको गठन, काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धि कार्यविधि

**२८) वडा शिक्षा समितिको संरचना तथा कार्यसंचालन विधिः** (१) नगरपालिकाको प्रत्येक वाडामा सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको वाडा शिक्षा समिति रहनेछ :-

क) सम्बन्धित वडाको वडाध्यक्ष — संयोजक

ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको एक जना — सदस्य

ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले तोकेको एक जना — सदस्य

घ) माध्यमिक तह र आधारभूत तहकाविद्यालयका प्रधानाध्यापक मध्येबाट नगर शिक्षा समितिले तोकेको उपलब्ध भए सम्म एकजना महिला पर्ने गरी दुई जना — सदस्य

ङ) सम्बन्धित वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा समितिले तोकेको दलित, महिला र अपांगता भएका मध्येबाट तीन जना — सदस्य

छ) सम्बन्धित वडाका वडा सचिव — सदस्य

ज) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक — सदस्य सचिव

(२) वडा शिक्षा समितिको बैठक कम्तीमा प्रत्येक त्रैमासिकमा एक पटक बस्नुपर्ने छ ।

**(३) काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :**

क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने,
ख) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने,
ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग वनाउने,
घ) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने,
ङ) सम्बन्धित वडा भित्रका अभिभावक, कर्मचारी र शिक्षक वीच विवाद भएमा त्यसको समाधान गर्ने,
च) विद्यालयको सुपरीवेक्षण, अनुगमन र सहजिकरण गर्ने गराउने,
छ) जोनिङ तथा नक्सांकनको आधारमा विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह/कक्षा थपघट गर्न नगर शिक्षा समितिमा सिफारिस गर्ने,
ज) वडाको शैक्षिकस्तर अभिबृद्धिका लागि आवस्यक कार्यहरु गर्ने,
झ) प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न अनुमती प्रदानका सिफारिस गर्ने,
ञ) नगर शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने,

परिच्छेद-६

**नगर कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत तथा निरीक्षकको काम, कर्तव्य र अधिकार**

**२९) नगर कार्यपालिकाको काम, कर्तव्य र अधिकार :** (१) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त नगर कार्यपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न नगर शिक्षा समिति, प्रमुख प्रशासकिय अधिकृत तथा स्थानीय शिक्षा अधिकृत लाई आवश्यक निर्देशन दिने,

(ख) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्ने,

(ग) शिक्षक सरुवाको मापदण्ड वनाई नगरपालिकाको तहमा एक रुपता रहने गरी शिक्षक विद्यार्थी अनुपात मिलाउने, गुणस्तर कायमगर्ने, आचार संहिता बनाई लागु गर्ने,

(घ) शिक्षक तथा कर्मचारीहरूको प्रशासन, व्यवस्थापन तथा शैक्षिक विकास सम्बन्धी कार्य योजना स्वीकृत गर्ने र कार्यान्वयन गर्न निर्देशन दिने ,

(ङ) प्रदेश तथा संघको कानुन वमोजिम हुने शिक्षा सम्वन्धि विषयहरुको कार्यान्वयन गर्न नगर शिक्षा समितिलाई निर्देशन दिने,

(च) प्रत्येक ६ महिनामा नगरपालिका भित्रका सबै किसिमका विद्यालयहरुको अनुगमन तथा मूल्याङ्कन गरी गराई अपेक्षित गुणस्तर कायम गर्ने,

(छ) विद्यालयमा आर्थिक व्यवस्था पारदर्शी तथा सुनिश्चित गर्न वस्तुगत आधार तथा मापदण्ड बनाई लागू गर्ने, गराउने,

(ज) यस ऐनको परिधि भित्र आवश्यक क्षेत्रहरुको मापदण्ड वनाउने,

(झ) शिक्षालाई व्यवहारिक, उद्यमशिल र रोजगार उन्मुख बनाउने नीति अवलम्बन गर्ने,

(ञ) शिक्षा सम्बन्धी कानून निर्माणको लागी नगर सभामा पेस गर्ने ।

(२) उपदफा (१) मा जेसुकै लेखिएतापनि संस्थागत विद्यालयका हकमा त्यस्ता विद्यालयले पालना गर्नु पर्ने मापदण्ड,गुणस्तर, शुल्क प्रावधान, विपन्न तथा सिमान्तकृत वर्गका छात्र छात्रालाईलागि दिईने छात्रबृत्तिका आधार र प्रतिशत,शिक्षक तथा कर्मचारिहरुको सेवा, शर्त एवं पारिश्रमिक जस्ता विषयमा निर्णय गर्दा संस्थागत विद्यालयहरुको संगठनको समेत सहभागिता एवं राय परामर्श लिई निर्णय गर्नुपर्नेछ ।

**३०) प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार :** ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्न नगरपालिकाको समग्र शैक्षिक नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन एवं अनुगमन गर्ने /गराउने,

(ख) नगर कार्यसम्पादन नियमावलिमा प्रमुख प्रशासकीय अधिकृतले गर्ने भनी उल्लेख भएका शिक्षा सम्बन्धि कार्य गर्ने,

(ग) शैक्षिक समन्वयकर्ता तथा सहजकर्ताको भूमिका निर्वाहगर्ने,

(घ) कार्यपालिकाले प्रत्यायोजन गरेका शिक्षा सम्बन्धि कार्य गर्ने ,

(ङ) नगरको उत्कृष्ट शैक्षिक उपलव्धिका लागि शिक्षा अधिकृतसँग कार्यसम्पादन करार गर्ने र सो

उपलब्धीपूर्ण रहे नरहेको निरन्तर अनुगमन गर्ने ,

(च) विद्यालयहरुको लेखा परीक्षणको व्यवस्था मिलाउने ,

(छ) शिक्षा सम्बन्धी कुनै प्रस्ताव नगरपालिकामा पेश गर्नु पर्ने भए सो गर्ने ,

**३१. शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार :** ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख प्रशासकीय अधिकृतको मातहत र प्रत्यक्ष निर्देशन तथा सुपरिवेक्षणमा रही नगर शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) नगरपालिका तथा नगर शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने

ख) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन, सुरिवेक्षण र सहजिकरण गर्ने, गराउने,

ग) नगर कार्यपालिका, नगर शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि सुझाव तथा परामर्श दिने,

घ) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने र तदनुसार पुरस्कार तथा दण्डको लागि स्थानीय सरकारमा सिफरिस गर्ने,

ङ.) नगर शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने ,

च) नगर कार्यपालिका तथा सभाबाट स्वीकृत शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

छ) शिक्षा सम्बन्धी नगर स्तरीय योजना वनाई स्वीकृतिको लागि प्रशासकीय अधिकृत समक्ष पेश गर्ने र स्वीकृत योजना कार्यान्वयन गर्ने,

झ) स्वीकृत अनौपचारिक शिक्षा, विशेष आवश्यकता शिक्षा र शिक्षाको लागि खाद्य कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा सो सम्बन्धी अभिलेख तयार गर्ने,

ञ) विद्यार्थी संख्या घट्न गई फाजिलमा परेका सामुदायिक विद्यालयका शिक्षकलाई अर्को समुदायिक विद्यालयमा मिलान गर्न शिक्षा समितिमा सिफारिश गर्ने,

ट) स्वीकृत कार्य योजना अनुसार विद्यालय सञ्चालन भए नभएको सम्बन्धमा नियमित रूपले निरीक्षण र सुपरीवेक्षण गरी त्यसको प्रतिवेदन तयार गर्ने,

ठ) शिक्षाको गुणस्तर बढाउनको लागि शिक्षक,प्रधानाध्यापक तथा व्यवस्थापन समितिका पदाधिकारीहरूको समय समयमा बैठक, गोष्ठी वा तालिमको संचालन गर्ने,

ड) नगरपालिका भित्र रहेका कम्पनी ऐन अन्तर्गत दर्ता भएका वा संस्थागत विद्यालयहरुको शैक्षिक कार्य योजनाको समन्वय र अनुगमन गरी सुधारका लागि सुझाव प्रस्तुत गर्ने

ढ) ऐन बमोजिम विद्यालयहरू सञ्चालन भए नभएको जाँचबुझ गर्ने तथा विद्यालयमा शिक्षाको गुणस्तर बढाउन, सुधार गर्न वा विद्यालय बन्द गर्नु पर्ने नपर्ने सम्बन्धमा निरीक्षण गरी विकोस्तर बढाउनु, सुधार गर्नु वा विद्यालय बन्द गर्नु पर्ने भएमा तत् सम्बन्धी कारबाही प्रक्रिया अगाडि बढाउने ,

ण) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको लागि रजिष्ट्रेशन फाराम भरेका विद्यार्थीको नाम, थर, उमेर प्रचलित कानून बमोजिम संशोधन गर्ने,

त) नियुक्ति वा बढुवाको लागि आयोगबाट सिफारिस भई आएका शिक्षक वा कर्मचारीलाई नगर कार्यपालिकाको कार्यालयको निर्णयानुसार विद्यालयमा नियुक्ति गर्ने,

थ) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सेवा विवरण तथा अन्य अभिलेख अद्यावधिक गर्ने,

द) शिक्षक वा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरी त्यसको विवरण प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने,

ध) विद्यालय र प्रारम्भिक बाल शिक्षा केन्द्रको निरीक्षण गर्ने, गराउने,

न) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा, माध्यामिक शिक्षा परीक्षा र आधारभूत तहको अन्त्यमा हुने परीक्षालाई नियमित र मर्यादित ढङ्गबाट सञ्चालन गर्ने, गराउने,

प) सामुदायिक विद्यालयका लागि वितरण गरिएका दरबन्दी शैक्षिक सत्रको सुरुमा मिलान गर्न नगर शिक्षा समितिमा सिफारिस गर्ने,

फ) विद्यालयले स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने, गराउने,

ब) सरकारी तथा गैरसरकारी शैक्षिक परियोजनाहरूको निरीक्षण तथा समन्वय गर्ने,

भ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको तलबी प्रतिवेदन पारित गराउने,

म) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने, गराउने,

य) कार्यपालिकाबाट स्वीकृत मापदण्डको आधारमा शिक्षकको सरुवा तयारी गर्ने,

र) कार्यसम्पादनको आधारमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ,प्रधानाध्यापक, शिक्षक एवं कर्मचारीहरुलाई पुरस्कारतथा दण्डका लागि कार्यपालिका समक्ष सिफारिश गर्ने ,

ल) निजी, धार्मिक तथा गुठी बिद्यालयको अनुगमन गरी स्वीकृत मापदण्डको पालना गर्न लगाउने र तदनुसार पुरस्कार र दण्डको लागि कार्यपालिका समक्ष सिफारिश गर्ने,

**३२) निरीक्षकको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त शिक्षा अधिकृतको मातहत र प्रत्यक्ष निर्देशनमा रही निरीक्षकको काम, कर्तव्य र अधिकारदेहाय बमोजिम हुनेछ :

क) प्रत्येक दुई महिनामा सवै विद्यालयमा कम्तीमा एक पटक स्थलगत निरीक्षण तथा सुपरीवेक्षण गर्ने । निरीक्षण तथा सुपरीवेक्षण गर्ने क्रममा प्रधानाध्यापक र व्यवस्थापन समितिसँग छलफल गरी छलफल भएको कुरा र निरीक्षण तथा सुपरीवेक्षण सम्बन्धी व्यहोरा विद्यालयको निरीक्षण पुस्तिकामा जनाउने तथा जनाउन लगाउने,

ख) यस ऐन बमोजिम विद्यालय नियमित रूपले सञ्चालन भए नभएको, त्यस्तो विद्यालयमा भौतिक साधन सुरक्षित विद्यालय अनुरुप भए नभएको, शिक्षक पर्याप्त भए नभएको, उपलब्ध साधनको अधिकतम सदुपयोग भए, नभएको र निर्धारित स्तर बमोजिम पठन पाठन भए नभएको र समग्र शैक्षिक गुणस्तर कायम भए नभएको सम्बन्धमा प्रधानाध्यापक, शिक्षक-अभिभावक संघ र शिक्षकसँग विचार विमर्श गरी सो अनुरूप भएको नदेखिएमा सुधार गर्न लगाउने,

ग) विद्यालय निरीक्षण सम्बन्धी प्रतिवेदन शिक्षा अधिकृत समक्ष पेश गरी निर्देशन वमोजिम गर्ने,

घ) विद्यालयको विकासको लागि व्यवस्थापन समिति तथा सरोकावालाहरूसँग सम्पर्क तथा आवश्यक सरसल्लाह र अन्तरक्रिया गर्ने,

ङ) नमूना शिक्षण गर्ने प्रयोजनको लागि निरीक्षण क्षेत्रभित्रको रोष्टर (समुह) तयार गर्ने र समय-समयमा प्रधानाध्यापक सहित शिक्षकको बैठक बोलाई शिक्षण गर्ने विषयमा देखिएका समस्या समाधानको लागि आवश्यक काम गर्ने,

च) शिक्षक तथा विद्यालय कर्मचारीको कार्य क्षमताको मूल्याङ्कन गरी त्यसको अभिलेख शिक्षा शाखामा उपलब्धगराउने

छ) विद्यालयको शैक्षिकस्तर बृद्धि गर्न प्रधानाध्यापक तथा व्यवस्थापन समितिका अध्यक्षहरूको गोष्ठीको संयोजनगर्ने, गराउने

ज) परीक्षा समितिको निर्देशन बमोजिम परीक्षा सञ्चालन गर्ने, गराउने,

झ) विद्यालयको शैक्षिक तथा आर्थिक अभिलेख दुरुस्त भए नभएको निरीक्षण गर्ने, गराउने,

ञ) आफ्नो क्षेत्र भित्रका शैक्षिक तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरी शिक्षा शाखामा पठाउने,

ट) शिक्षकलाई तालिमको लागि सिफारिस गर्ने र तालिम प्राप्त शिक्षकको सीप को प्रयोग भए नभएको एकिन गर्न कक्षा अवलोकन गरी सुधारका लागि कार्य गर्ने,

ठ) व्यवस्थापन समितिको बैठक नियमित रूपले बसे नबसेको जाँचबुझ गरी नबसेको भए बैठक बोलाउन प्रधानाध्यापकलाई निर्देशन दिने,

ड) विद्यालय सञ्चालन सम्बन्धमा प्रधानाध्यापक तथा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

ढ) विद्यालयका शिक्षक तथा कर्मचारीको बिदाको अभिलेख शैक्षिक सत्रको अन्त्यमा प्रमाणित गर्ने र विद्यालयमाराख्न लगाउने,

ण) आफनो क्षेत्रभित्र सञ्चालन गरिएका अनौपचारिक शिक्षा, विशेष आवश्यकता शिक्षा, समावेशी शिक्षा र शिक्षाको लागि खाद्य कार्यक्रमको नियमित रूपमा निरीक्षण तथा अनुगमन गरी स्थानीय शिक्षा समितिमा प्रतिवेदन पेश गर्ने,

त) निजी, धार्मिक तथा गुठी बिद्यालयको अनुगमन गरी स्वीकृत मापदण्डको पालना गर्न लगाउने र तदनुसार पुरस्कार र दण्डको लागि शिक्षा अधिकृत समक्ष सिफारिश गर्ने ,

थ) शिक्षा अधिकृतले तोके बमोजिम थप कार्य गर्ने, गराउने ,

द) नगरपालिकाले शिक्षा सम्बन्धि प्रत्यायोजित कार्य गर्ने,

परिच्छेद-७

## विद्यालय व्यवस्थापन समिति सम्बन्धि व्यवस्था

३३) विद्यालय व्यवस्थापन समिति रहने:(१) यस ऐनमा व्यवस्था भएको समितिहरुको अधिकार क्षेत्र वाहेक विद्यालय संचालन गर्न प्रत्येक सामुदायिक विद्यालयमा देहाय वमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

| | |
|---|---|
| क) समितिका सदस्यहरूले (ख),(ग),(घ),(च)र(छ)ले(ख र ग)मध्येबाटछानेको व्यक्ति | अध्यक्ष |
| ख) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका कम्तीमा एक जना महिला एक जना दलित सहित चारजना | सदस्य |
| ग) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरु मध्येबाट सो वडासमितिले मनोनयन गरेको एकजना | सदस्य |
| घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर आर्थिक सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालयव्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना | सदस्य |
| ङ) विद्यार्थीहरुले आफूमध्येबाट छानेको छात्रा र छात्र मध्ये एक जना | सदस्य |
| च) शिक्षकहरुले आफूमध्येबाट चयन गरी पठाएको शिक्षक प्रतिनिधी एकजना | सदस्य |
| छ) विद्यालयको प्रधानाध्यापक | सदस्य-सचिव |

(२) विद्यालय व्यवस्थापन समितिको बैठकमा सम्बन्धित क्षेत्रको वि.नि,श्रोतब्यक्तिलाई पर्यबेक्षकको रुपमा भागलिन पाउने छन् तर बर्षमा कम्तिमा २ वटा बैठकमा स्रोतब्यक्तिलाई अनिवार्य बोलाउनु पर्नेछ ।

**(३) निषेधात्मक बाक्य:** व्यवस्थापन समितिले गरेका निर्णयमा सदस्यको रुपमा रहेको विद्यार्थी प्रतिनिधि जिम्मेवार हुनेछैन ।

**(४) स्पष्टीकरण :**अभिभाबक भन्नाले बिद्यालयमा अध्ययन गर्ने बालबिकास देखि कक्षा १२ सम्मका बिद्यार्थीका बाबु आमा ,सगोलको दाजु,दिदि भाउजु जनाउछ। तर ब्याबस्थापन समिति गठन प्रयोजनको लागि एकाघरको बाबु, आमा, बाजे बजैलाई मात्र जनाउँछ ।

(४) (क) उपदफा १ अनुसार बाबुआमा नभएमा सगोलको घरमुली सम्भब भएसम्म बढी शिक्षित जेठाव्यक्ति वा लालन पालन र पठनपाठन को ब्याबस्था मिलाउने एकाघरको जोकोही १ जना ब्यक्तिलाई मात्र आदिलाइ जनाउछ । तरअनाथ ठुहुरा,मावल, वा अर्काको घरमा बसी कामकाज गरी अध्ययन गर्नेको हकमा भने बसोबास तथा लालन पालन र पठनपाठन को ब्याबस्था मिलाउने ब्यक्तिलाई जनाउछ ।

(ख) विबाहित श्रीमति सामुदायिक विद्यालयमा अध्ययन गर्ने भएमा निजको श्रीमाननै अभिभाबकमानिने छ । तर विबाहित श्रीमान सामुदायिक विद्यालयमा अध्ययन गर्ने भएमा उपदफ १ बमोजिम हुने छ ।

(५) उपदफा (१), (१क) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ। त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा नगर शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। तर त्यसरी पदबाट हटाउन अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

(६) वि. व्य. स. अध्यक्ष हुन सम्बन्धित विद्यालयमा पढाई हुने तह वा सो भन्दा माथि उतीर्ण गरी २५वर्ष उमेर पुरा भएको हुनुपर्नेछ तर त्यस्तो योग्यता प्राप्त ब्यक्ति नभएमा वा बस्न नमानेमा एकतह कम योग्यताको समेत राख्न सकिने छ।

(७) राजीनामा स्वीकृत गर्ने : व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा सम्बन्धित व्यवस्थापन समितिले स्वीकृत गर्नेछ। तर अध्यक्षको पद रिक्त रहेको अवस्थामा त्यस्तो सदस्यको राजीनामा व्यवस्थापन समितिको वरिष्ठ सदस्यले स्वीकृत गर्नेछ। साथै विद्यालय व्यवस्थापन समितिको बैठकमा बाल क्लबका प्रतिनिधी हरुले राखेको दृष्किोण निर्णय पुस्तिकामा उल्लेख गर्नु पर्नेछ तर प्रचलित कानुन विपरितका कुनै निर्णय भएकोमा बालप्रतिनिधीहरुलाई जिम्मेवार बनाईनेछैन।

३३) व्यवस्थापन समितिको सदस्य छनौट सम्बन्धी व्यवस्था : (१) प्रधानाध्यापकले दफा ३२ को उपदफा (१) बमोजिमको व्यवस्थापन समितिको छनौट गर्नको लागि तत्कालको व्यवस्थापन समितिको कार्य अवधि समाप्त हुनु भन्दा तीस दिन अगावै सात दिनको सूचना दिई अभिभावकको भेला गराउनु पर्नेछ। तर कुनै कारणले व्यवस्थापन समिति विघटन भएको वा व्यवस्थापन समितिको सदस्यको पद रिक्त भएको अवस्थामा त्यसरी विघटन वा रिक्त भएको मितिले पन्ध्र दिन भित्र व्यवस्थापन समिति वा रिक्त सदस्यको छनौटको लागि यस नियम बमोजिम सूचना दिई अभिभावकको भेला गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सदस्य छनौट गर्ने सम्बन्धमा अभिभावकलाई सहयोग गर्नको लागि सम्बन्धित निरीक्षक वा निज उपलब्ध नभएमा शिक्षा अधिकृतले खटाएको अधिकृतको संयोजकत्वमा प्रधानाध्यापक, स्रोत व्यक्ति र स्थानीय तहको प्रतिनिधि रहेको चार सदस्यीय छनौट सहयोग समिति गठन गर्नेछ।

**३४) व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि :** (१) व्यवस्थापन समितिको बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ।

(२) व्यवस्थापन समितिको बैठक समितिको अध्यक्षको निर्देशनमा सदस्य-सचिवले बोलाउनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापन समितिका एक तिहाई सदस्यले लिखित अनुरोध गरेमा व्यवस्थापन समितिको सदस्य-सचिवले जहिलेसुकै पनि व्यवस्थापन समितिको बैठक बोलाउनु पर्नेछ।

(४) व्यवस्थापन समितिको बैठकमा छलफल हुने विषय सूची सदस्य-सचिवले साधारणतया बहत्तर घण्टा अगावै सदस्यहरूलाई दिनु पर्नेछ।

(५) व्यवस्थापन समितिमा तत्काल कायम रहेका पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा

व्यवस्थापन समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

६) व्यवस्थापन समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा जेष्ठ सदस्यले गर्नेछ।

(७) व्यवस्थापन समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्नेव्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

**३५) व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन नसक्ने :** देहायको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैन :

(क) गैर नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा नभएको (वाल क्लबको प्रतिनिधी बाहेक) ,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको

**३६) व्यवस्थापन समिति विघटन गर्न सक्ने :** देहायका अवस्थामा शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले समिति विघटन गर्न सक्नेछ -

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

(ग) प्रचलित कानुन तथा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको नीति एवम् हित विपरीत काम गरेमा,

(घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रूपमा गर्न नसकेमा, वा

(ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको कानून अनुसारको निर्देशन पटक-पटक उलंघन गरेमा ३७) **सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य रअधिकार देहायबमोजिम हुनेछ :-**

क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

घ) विद्यालयको वार्षिक बजेटस्वीकृत गर्ने र त्यसको जानकारी नगरपालिकालाई दिने,

ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक,धार्मिक वा साम्प्रादायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

च) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाक सम्बन्धी नगर शिक्षा समितिको निर्णय कार्यान्वयन गर्ने .

छ) प्रचलित कानुन बमोजिम शिक्षक सेवा आयोगवाट सिफारिस भएका शिक्षक पदको लागि योग्य उम्मेदवारलाई हाजिर गराई काममा लगाउने तथा नगरपालिकावाटस्वीकृत दरवन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने;

ज) नगरपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने;

झ) नगर शिक्षा समितिबाट तोकिएको सूचिकृत लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखा परीक्षण गराउने,

ञ) लेखापरीक्षकको प्रतिवेदनअनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेश गर्ने,

ट) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित नगरपालिका र नगर शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने,गराउने

ठ) विद्यालय सेवा क्षेत्रमा निरक्षरता उन्मुलन तथा आधारभूत शिक्षा सुनिश्चित गर्न पहल गर्ने

ड) तोकिए बमोजिम दरवन्दीका शिक्षकलाई कामको आधारमा प्रोत्साहन र विभागीय कारवाही गर्ने

ढ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त र सुबिधा तोक्ने र तोकिएबमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने;

ण) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने

त) विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न र सामाजिक परीक्षण गराउन शिक्षक अभिभावक संघ गठन गर्ने

थ) संघीय सरकार वा नगरपालिकाले गरेको व्यवस्था बमोजिम तोकिएको कर्मचारीलाइ तोकिएको तलव भत्ता प्रदान गर्ने .

द) वि.व्य.स. पदाधिकारीबाट नियमित अनुगमन गर्नु समितिको दायित्व हुनेछ ।

ध) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

३८)संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रेहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

क) विद्यालयका संस्थापक वा लगानीकर्ताहरुबाट विद्यालयको सिफारिसमा नगर शिक्षा समितिले मनोनित गरेको व्यक्ति अध्यक्ष

ख) अभिभावकहरुमध्येबाट एकजना महिलासमेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेका दुईजना सदस्य

ग) स्थानयि शिक्षाप्रेमि वा समाजसेवीहरुमध्यबाट नगरपालिकाले मनोनीत गरेका एकजना सदसय

घ)सम्बन्धित क्षेत्रको विद्यालय निरिक्षक सदस्य

ङ) सम्बन्धित विद्यालयको शिक्षकहरुले आफुहरुमध्येबाट छानी पठाएका एकजना   सदस्य

च) विद्यालय प्रधानाध्यापक   सदस्य सचिव

३८ (क) दफा ३३ र ३८ बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समितिका मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ।

३८ (ख) यस ऐनमा अन्यत्र जेसुकै लेखिएको भएतापनि साविकको शिक्षा ऐन २०२८ र नियमावली, २०५९ बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समिति सोहि ऐन र नियमावली अर्न्तगतमा उल्लेखित अवधि सम्म कायम रहन बाधा पर्नेछैन, तर सो अवधि समाप्त भएपछि गठन हुने विद्यालय व्यवस्थापन समिति यस ऐन बमोजिम गठन हुनेछ।

परिच्छेद-८

## शिक्षक अभिभावक संघ सम्बन्धि व्यवस्था

३९) शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्थाः (१) प्रत्येक विद्यालयका शिक्षक र अभिभावकहरू सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहनेछ ।

(२) व्यवस्थापन समितिले अभिभावकहरूको भेला गराई सो समितिको अध्यक्ष, प्रधानाध्यापक तथा कम्तीमा एक जना शिक्षक र अभिभावकहरू समेत रहने गरी बढीमा एघार सदस्यीय शिक्षक-अभिभावक संघको कार्यकारी समिति गठन गर्नु पर्नेछ ।

(३) स्रोत कक्षा सञ्चालित विद्यालयमा उपदफा (२) बमोजिम शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गर्दा अपाङ्गता भएका विद्यार्थीका कम्तीमा एक जना अभिभावक हुनु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम गठित कार्यकारी समितिका सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(५) उपफा (२) बमोजिमको कार्यकारी समितिको बैठक तीन महिनामा कम्तीमा एकपटक बस्नेछ र सो समितिको बैठक सम्बन्धी अन्य कार्यविधिकार्यकारी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४०) अभिभावक शिक्षक संघ कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालयमा शिक्षकको गुणस्तर कायम गर्नको लागि आवश्यक काम गर्ने,

(ख) यस ऐन बमोजिम विद्यालयले शुल्क निर्धारण गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने तथा सो सम्बन्धमा विद्यालयलाई आवश्यक सुझाव दिने,

(ग) विद्यालयको शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा शिक्षक, विद्यार्थी र अभिभावकबीच नियमित अन्तरक्रिया गर्ने ।

परिच्छेद-९

## पाठ्यक्रम तथा परीक्षा संचालन र समन्वय

४१) पाठ्यक्रम र पाठ्यसामागी : (१) स्थानीय तहका विद्यालयहरुमा पठन पाठन हुने पाठ्यक्रम मन्त्रालयले निर्धारण गरे वमोजिम हुनेछ ।

(२) पाठय सामाग्रीको समयमै सहज उपलब्धताको सुनिश्चत गर्न कार्यपालिकाले आवश्यक कार्ययोजना वनाइ लागू गर्नेछ ।

(३) पाठ्यक्रम, पाठयपुस्तक, र पाठयसामग्रीमा सुधार तथा नयाँ पाठ्यक्रमको निर्माण गर्न आवश्यक देखिएमा शिक्षा शाखाको प्रतिवेदनको आधारमा नगर शिक्षा समितिले कार्यपालिकालाई सिफारिस गर्ने र कार्यपालिकाको वहुमत सदस्यको निर्णयले मन्त्रालयमा अनुरोध गर्ने ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएता पनि स्थानिय विषय, मातृभाषा, समाजिक अध्ययन, स्वाथ्य तथा शारीरिक विषयको आधारभुत तह सम्मको पाठयक्रम नगरपालिकाले बनाउन सक्नेछ ।

४२) परीक्षा संचालन तथा समन्वय समिति : (१) नगर पालिकाको विद्यालयहरुमा परीक्षा संचालन तथा समन्वयको लागि देहायको एक परीक्षा संचालन तथा समन्वय समिति रहनेछ ।

(क) नगर शिक्षा समितिको संयोजक -अध्यक्ष

(ख) प्रमुख प्रशासकिय अधिकृत -सदस्य

(ग) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधी -सदस्य

(घ) प्रमुख, सम्वन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालय -सदस्य

(ङ) प्रमुख, सम्वन्धित स्थानीय तहमा रहेको शसत्र प्रहरी बल -सदस्य

(च) शिक्षा अधिकृत -सदस्य-सचिव

(२) परीक्षा संचालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधिसो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) स्थानीय तहको क्षेत्रधिकार वाहिरको शैक्षिक तहको परीक्षा संचालन गर्न सम्वन्धित निकायवाट भएको व्यवस्था वमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ ।

(४) कक्षा ५ र कक्षा ८ को परीक्षा संचालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड वमोजिम समितिले गर्नेछ ।

(५) उपदफा ३ र ४ वाहेकको कक्षाहरुको परीक्षा संचालन समितिले निर्धारण गरेको मापदण्ड वमोजिमल विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले गर्नेछ ।

४३) अनौपचारिक शिक्षा, दुर शिक्षा, समावेशी शिक्षा, निरन्तर शिक्षा, खुला शिक्षा तथा बैकल्पिक शैक्षिक कार्यक्रमको संचालन कार्यपालिकाले मन्त्रालयवाट भएको व्यवस्थासँग तादाम्यता कायम हुने गरी आवश्यक कार्यविधिवनाई गर्नेछ ।

४४) शैक्षिक गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था : (१) नगरसभाले वार्षिकरुपमा शिक्षाको गुणस्तर मापन गरी सुधारको लागी कार्यपालिकालाई निर्देशन दिनेछ। शिक्षा मंत्रालयले बनाएको गुणस्तरको खाका र पाठयक्रम विकास केन्द्रले बनाएको पाठयक्रम र प्रश्न पत्रलाई मूल आधार मान्नुपर्ने छ .

(२) नगरसभाले आफु मध्येवाट एक जना सदस्यलाई शिक्षाको गुणस्तर मापन गर्न लगाई सोको

प्रतिवेदन बार्षिक रुपमा सभा समक्ष पेश गर्न तोक्नेछ .

(३) उपदफा (२) वमोजिम तोकिएको सदस्यले प्रमुख प्रशासकिय अधिकृत सँग समन्वय गरी गुणस्तर मापनर प्रतिवेदन तयार गर्नेछ।

(४) गुणस्तर मापन र प्रतिवेदन तयारीको विधि र ढाँचा उपनियम २ वमोजिम तोकिएको सदस्य आफैले निर्धारण गरे वमोजिम हुनेछ।

(५) गुणस्तर मापन र प्रतिवेदन शैक्षिक सत्र शुरु हुनु भन्दा दुई महिना अगाडी पेश गर्नुपर्नेछ।

परिच्छेद-१०

## प्रारम्भिक बाल शिक्षा सम्बन्धि व्यवस्था

४५) सबै विद्यालयमा प्रारम्भिक बाल शिक्षाको सुविधा पुऱ्याइने छ। साथै आवश्यकताका आधारमा बैकल्पिक प्रारम्भिक शिक्षा केन्द्र सञ्चालन गरी सबैको पहुँच सुनिश्चित गरिने छ। नक्शाङ्कनको आधारमा विद्यालय तथा समुदायमा आधारित प्रारम्भिक बाल शिक्षा केन्द्रहरुको न्यायोचित वितरण गरिनेछ।

४६) प्रारम्भिक बालशिक्षा केन्द्रमा शिक्षक व्यवस्था, पूर्वाधार निर्माण लगायत सर्वाङ्गीण विकासको वातावरण निर्माण गरिने छ।

परिच्छेद ११

# विद्यालय तहको शिक्षक तथा विद्यालय कर्मचारी र बाल विकास शिक्षकको दरवन्दी, सेवाशर्त, योग्यता एवम् सक्षमताको मापदण्ड

४७) नगरपालिकाले विद्यालय तहको शिक्षक तथा विद्यालय कर्मचारी र वाल विकास शिक्षकको दरवन्दी, सेवाशर्त, योग्यता एवम् सक्षमता तोकिए बमोजिमको मापदण्ड अनुसार हुनेछ ।

परिच्छेद १२

# शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम, वृत्ति विकास

४८) विद्यायलमा रिक्त शिक्षक र कर्मचारी  पदमा करारमा नियुक्तिको लागि देहाय वमोजिमको एक शिक्षक छनौट समिति हुनेछ।

| | |
|---|---|
| १) नगरपालिका प्रमुख | संयोजक |
| २) उप प्रमुख | सदस्य |
| ३) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत | सदस्य |
| ३) सम्वन्धित वडा अध्यक्ष | सदस्य |
| ४) नगर प्रमुखले तोकेको महिला, दलित र अल्पसंख्यक मध्ये | |
| शिक्षाविद (२ जना) | सदस्य |
| ५) शिक्षक छनौट गर्नुपर्ने विद्यालयको प्रधानाध्यापक | सदस्य |
| ६) शिक्षा, युवा तथा खेदकूद शाखा प्रमुख | सदस्य सचिव |

४८ (क) शिक्षक तथा कर्मचारी छनौट सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४९) शिक्षक र कर्मचारीको  सरुवा:** (१) विद्यालयमा रिक्त दरवन्दी, राहतमा अस्थायी तथा करार शिक्षक तथा कर्मचारी सरुवा व्यवस्था तोकिए वमोजिम हुनेछ ।

५०) विद्यालयका शिक्षकहरुको तोकिए बमोजिमको कार्यसम्पादन करार गराई शैक्षिक गुणस्तर र उपलब्धि हासिल गराइने छ।

परिच्छेद १३

# प्रधानाध्यापक र विद्यालय सहयोगी नियुक्ति तथा काम, कर्तव्य र अधिकार

५१) प्रधानाध्यापक सम्बन्धी व्यवस्था : (१) प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न स्वीकृत दरबन्दीमा नवढ्ने गरी एक प्रधानाध्यापकको पद रहनेछ ।

(२) आधारभूत तहको कक्षा पाँचसम्मको विद्यालय भए शिक्षा शास्त्र विषयमा कम्तीमा बाह्र कक्षा वा सो सरह उत्तीर्ण गरेको,

आधारभूत तहको अन्य विद्यालय भए कम्तीमा शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको र माध्यमिक तहको विद्यालय भए कम्तीमा शिक्षा विषयमा स्नाकोत्तर तह उत्तीर्ण गरेको, विद्यालयमा कम्तीमा पाँच वर्ष स्थायी शिक्षकको रुपमा शिक्षण अनुभव भएको, संघीय ऐन तथा सो ऐन अन्तर्गत बनेको नियमावली बमोजिम शिक्षक बन्ने योग्यता भएको तथा विद्यालय व्यवस्थापन समितिले सिफारिस गरेको व्यक्तिलाई कार्यपालिकाको निर्णय वमोजिम पाँच वर्षको लागि शिक्षा शाखा प्रमुखले सामुदायिक विद्यालयको प्रधानाध्यापकको पदमा नियुक्ति गर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रधानाध्यापकको पदमा नियुक्ति हुनु पूर्व निजबाट विद्यालय विकासको प्रस्ताव लिई सोही आधारमा शिक्षा अधिकृतले पञ्चवर्षिय कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

(४) एउटै सामुदायिक विद्यालयमा लगातार दुई कार्यकाल भन्दा बढी एकै व्यक्ति प्रधानाध्यापक हुन सक्ने छैन ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सामुदायिक विद्यालयको

प्रधानाध्यापकलाई स्थानीय नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले जुनसुकै बखत हटाउन सक्नेछः–

(क) निजको आचरण खराब रहेमा,

(ख) ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीतको कुनै काम गरेमा,

(ग) निजले कार्यसम्पादन सम्झौता बमोजिम काम गर्न नसकेमा वा निजको काम सन्तोषजनक नभएमा,

(घ) विद्यालयको चल अचल सम्पत्ति हिना मिना गरेमा ,

(६) सामुदायिक विद्यालयको कुनै प्रधानाध्यापकलाई उपनियम (५) बमोजिमको आधारमा पदबाट हटाउनु पर्ने भएमा शिक्षा अधिकृतले त्यस्तो आधार विद्यमान भए नभएको सम्बन्धमा जाँचबुझ गरीरगराई प्रतिवेदन लिनेछ र त्यस्तो प्रतिवेदनबाट प्रधानाध्यापकलाई हटाउनु पर्ने देखिएमा पदबाट हटाउन नगर कार्यपालिका समक्ष राय सहित पेश गर्नु पर्नेछ ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपनियम बमोजिम प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(८) बहालबाला शिक्षकमध्येबाट छनौट भएको प्रधानाध्यापकलाई उपनियम (५) को खण्ड (क) वा (ख)

बमोजिमको आधारमा हटाएको अवस्थामा निजलाई ऐन तथा यस नियमावली बमोजिम विभागीय कारबाही समेत गरिनेछ ।

(९) सामुदायिक विद्यालयको प्रधानाध्यापक विदामा बसेमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरुमध्ये माथिल्लो श्रेणीका वरिष्ठ स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ ।

**शिक्षकको वरिष्ठता निर्धारण गर्दादेहायका आधारमा गरिनेछ :**

(क) सम्बन्धित तह र श्रेणीको स्थायी नियुक्ति मितिको आधारमा,

(ख) खण्ड (क) को आधारमा वरिष्ठता नछुट्टिएमा सो भन्दा तल्लो तह वा श्रेणीको स्थायी नियुक्ति मितिको आधारमा,

(ग) खण्ड (क) र (ख) को आधारमा वरिष्ठता नछुट्टिएमा सम्बन्धित तह र श्रेणीको अस्थायी नियुक्ति मितिकोआधारमा,

(घ) खण्ड (क), (ख) र (ग) को आधारमा पनि वरिष्ठता नछुट्टिएमा खण्ड (क) को सिफारिसको योग्यताक्रमको आधारमा, तर खुला, कार्यक्षमता मूल्याँकन, आन्तरिक वढुवा एउटै मितिमा भए क्रमशः कार्यक्षमता, आन्तरिक प्रतियोगिता र खुलाको क्रमलाई मान्यता दिइनेछ ।

(१०) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थागत विद्यालयको व्यवस्थापन समितिले यस नियमावली बमोजिम योग्यता पुगेको व्यक्तिलाई प्रधानाध्यापकको नियुक्ति गर्दा छुट्टै प्रक्रिया निर्धारण गरी नियुक्ति गर्न सक्नेछ ।

(११) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाको बखत कार्यरत

प्रधानाध्यापक उपदफा (२) बमोजिम अर्को प्रधानाध्यापक नियुक्ति नभएसम्म त्यस्तो पदमा कायमै रहन सक्नेछ ।

**५२) प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार :** प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर र अनुशासन कायम राख्ने,

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीहरूसँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरू बीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने,

(ग) विद्यालयमा अनुशासन, सच्चरित्रता, शिष्टता कायम गर्न आवश्यक काम गर्ने,

(घ) शिक्षकहरूसँग परामर्श गरी विद्यालयमा कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार गर्ने तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा सञ्चालन भए नभएको निरीक्षण गर्ने,

(ङ) विद्यालयमा सरसफाई, अतिरिक्त क्रियाकलाप आदिको प्रबन्ध गर्ने, गराउने,

(च) विद्यालयको प्रशासनिक कार्यको सञ्चालन तथा नियन्त्रण गर्ने,

(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तथा परीक्षा सञ्चालन गराउने,

(ज) विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाणपत्र दिने,

(झ) विद्यालयमा भए गरेका महत्वपूर्ण काम कारबाहीको अभिलेख राख्ने,

(ञ) कुनै शिक्षक वा कर्मचारीले जानी जानी वा लापरवाही साथ कुनै काम गर्नाले विद्यालयलाई हानी नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्ने,

(ट) विद्यालयले आफ्नै स्रोतमा नियुक्त गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा व्यवस्थापन समितिको सिफारिस बमोजिम अवकाश लगायतका अन्य विभागीय कारबाही गर्ने,

(ठ) शिक्षक र कर्मचारीलाई दिइएको सजायको अभिलेख राख्ने तथा त्यस्तो अभिलेख स्थानीय शिक्षा अधिकृत तथा निरीक्षकले हेर्न चाहेमा देखाउने,

(ड) शिक्षक तथा कर्मचारीहरूको आचरण र कार्य सम्पादन सम्बन्धी प्रतिवेदन स्थानीय शिक्षा शाखा तथा व्यवस्थापन समितिमा पेश गर्ने,

(ढ) शिक्षक वा कर्मचारीलाई सजाय वा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा स्थानीय शिक्षा शाखामा सिफारिस गर्ने,

(ण) नगर कार्यपालिकाबाट स्थायी नियुक्ति एवं पदस्थापन भई आएका शिक्षकलाई हाजिर गराई विषय र तह अनुसारको कक्षा शिक्षणमा खटाउने,

(त) महिनामा कम्तीमा एक पटक शिक्षक तथा कर्मचारीहरूको बैठक बोलाई विद्यालयको प्राज्ञिक, भौतिक र शैक्षिक प्रशासन सम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने,

(थ) नगरपालिकाबाट पूर्व स्वीकृति लिई अति आवश्यक भएका विषयमा विद्यालय व्यवस्थापन समितिको निर्णय गराई विद्यालयको स्रोतबाट तलब भत्ता खाने गरी शिक्षकको पद कायम गरी सो अनुसार पद स्वीकृति भएका विषयका शिक्षकको यस ऐनमा व्यवस्था भए बमोजिमको प्रक्रिया अपनाई पदपूर्ती गरी करारमा नियुक्त गर्ने र यसरी नियुक्ति भएका शिक्षक तथा कर्मचारीहरूको तलब सम्बन्धी प्रतिवेदन पारित गर्न व्यवस्थापन समितिमा पेश गर्ने,

(द) विद्यालय भवन तथा छात्रावासको हाताभित्र कुनै किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने,

(ध) विद्यालयको प्रभावकारी संचालनको लागी वार्षिक योजना बनाई व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वयन गर्ने, गराउने,

(न) विद्यालयमा अध्ययन, अध्यापन सम्बन्धी मासिक, अर्धवार्षिक तथा वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

(प) शिक्षक वा कर्मचारीलाई तालिममा पठाउन व्यवस्थापन समितिबाट अनुमोदन गराई स्थानीय शिक्षा शाखामा पठाउने,

(फ) विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने,

(ब) व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्ने र आय व्ययको हिसाब राख्ने तथा राख्न लगाउने,

(भ) विद्यालयमा सञ्चालन हुने आवधिक परीक्षा नियमित तथा मयार्दि त ढङ्गबाट सञ्चालन गर्ने गराउने,

(म) कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार तीन वर्षसम्म पन्ध्र प्रतिशत भन्दा बढी विद्यार्थी असफल भएमा वा अक्षरांकन पद्धतीमा सि ग्रेड भन्दा तल्लो ग्रेड ल्याएमा वा कुनै शिक्षकले लापरवाही वा अनुशासनहीन काम गरेमा त्यस्तो शिक्षकको दुई वर्षसम्म तलब बृद्धि रोक्का गर्न,

(य) विद्यालयमा नियम बमोजिमको कक्षा लिने तथा शिक्षकलाई लिन लगाउने,

(र) स्वीकृत दरवन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीको तलवी प्रतिवेदन पारित गर्न शिक्षा शाखामा पठाउने,

(ल) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको काम, कर्तव्य तोक्ने,

(व) शिक्षा शाखा तथा व्यवस्थापन समितिले दिएका निर्देशन पालन गर्ने, गराउने,

(श) विद्यालयको शैक्षिक प्रगति सम्बन्धी विवरण तथा तथ्यांक मन्त्रालयद्वारा निर्धारित ढाँचा र समय भित्र निरीक्षकद्वाराप्रमाणित गराई स्थानीय शिक्षा शाखामा पठाउने,

(ष) विद्यालयको आफ्नो स्रोतबाट खर्च बेहोर्ने गरी नियुक्त भएका शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन फाराम भरी व्यवस्थापन समितिमा पेश गर्ने,

(स) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सम्पत्ति विवरण फाराम निर्धारित समयमा भर्न लगाई विद्यालयमा दर्ता गरी शिक्षा शाखा मार्फत शिक्षक किताबखानामा पठाउने,

(ह) विद्यालयका शिक्षक तथा कर्मचारीबाट कट्टी गरेको कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, बीमा, सामाजिक सुरक्षाकोषको रकम सम्बन्धित निकायमा पठाउन लगाउने,

(क्ष) व्यवस्थापन समितिबाट स्वीकृत खरिद योजना अनुसार मालसामन तथा सेवा खरिद गर्ने ।

(त्र) प्रधानाध्यापक स्थानिय तह, अभिभावक एवं विद्यार्थीप्रति जिम्मेवार हुनेछ । यसका लागि :

१) अभिभावक एवं विद्यार्थीको विचार सर्वेक्षण गर्ने,

२) प्रचलित मापदण्डको पालना एवं गुणस्तरिय शिक्षाको लागि विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले शिक्षा अधिकृतसँग कार्यसम्पादन करार गरे बमोजिम प्रचलित मापदण्डको पालना एवं गुणस्तरिय शिक्षा प्रत्याभूत गर्नपु र्ने,

३) शिक्षक एवं कर्मचारीलाई प्रधानाध्यापकप्रति जिम्मेवार बनाउन तथा गुणस्तरीय शिक्षाका लागि नगरकार्यपालिका, नगर शिक्षा समिति र शिक्षा अधिकृतले प्रचलित कानुन बमोजिम दिएका निर्देशन पालना गराउन तथा अपेक्षित शैक्षिक उपलब्धिका लागि शिक्षकहरुसँग कार्यसम्पादन करार गर्नुपर्नेछ ,

४. विद्यालयको भौगोलिक क्षेत्र भित्रका टुहुरा, अलपत्र परेका र बेसाहारा, विशेष आवश्यकता भएका तथा अतिविपन्नतामा परी विद्यालय जान नसकेका वा विद्यालय छोडेका बालवालिकालाई कार्यपालिका मार्फत छात्रबृत्ति वा विशेष व्यवस्था गरी वा निजका अभिभावक वा संरक्षकलाई सघाई बालवालिकालाई विद्यालयमा

ल्याउनु प्रधानाध्यापकको जिम्मेवारी हुनेछ । विद्यार्थिलाई अपेक्षित शैक्षिक उपलब्धि हासिल हुने गरी सिकाउने र टिकाउने दायित्व प्रधानाध्यापक र शिक्षकहरुको हुनेछ ,

५. विद्यालयको प्राज्ञिक नेतृत्व गर्ने, प्रवर्द्धनात्मक कार्य गर्ने ।

**५३) सहायक प्रधानाध्यापक सम्बन्धी व्यवस्था:** माध्यमिक तहको प्रधानाध्यापकलाई सहयोग पऱ्याउन विद्यालयमा कार्यरत माध्यमिक तहका शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिले एकजनालाई सहायक प्रधानाध्यापक तोक्न सक्नेछ ।

**५४. विद्यालय सहयोगी सम्बन्धी व्यवस्था :** विद्यालय व्यवस्थापन समितिले स्वीकृत दरवन्दीको अधीनमा रही विद्यालय सहयोगीको न्यूनतम पारिश्रमिक तोकी व्यक्ति वा संस्थासँग करार गरी सेवा करारबाट कार्य सम्पादन गराउनु पर्नेछ ।

परिच्छेद १४

# विद्यार्थी संख्या, भर्ना र कक्षा चढाउने व्यवस्था

**५५) विद्यार्थी संख्या:** (१) सामुदायिक विद्यालयको प्रत्येक कक्षामा पचास जनाविद्यार्थी हुनु पर्नेछ ।

(२) संस्थागत विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या सामान्यतया न्यूनतम बाइस, अधिकतम चौवालीस र औसत तेत्तीस हुनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष आवश्यकता शिक्षा दिने विद्यालयको प्रत्येक कक्षामा रहने विद्यार्थी संख्या नगर शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

(४) कुनै कक्षामा उपदफा (१) मा लेखिए भन्दा बढी विद्यार्थी भएमा विद्यालयले विद्यालय व्यवस्थापन समितिको अनुमति लिई त्यस्तो कक्षाको अर्को वर्ग (सेक्सन) खोल्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम कक्षामा वर्ग खोल्न आवश्यक पूर्वाधारको व्यवस्था विद्यालय व्यवस्थापन समिति र विद्यालयले मिलाउनु पर्नेछ ।

**५६) भर्ना सम्बन्धी व्यवस्था :** (१) विद्यार्थीले विद्यालयमा भर्ना हुनको लागि देहाय बमोजिमको प्रमाणपत्र पेश गर्नु पर्नेछ :

(क) कक्षा नौ मा भर्ना हुनको लागि आधारभूत तहको अन्तिम परीक्षामा उत्तीर्ण गरेको प्रमाणपत्र,

(ख) कक्षा एघारमा भर्ना हुनको लागि कक्षा दशको परीक्षामा उत्तीर्ण गरेको प्रमाणपत्र,

(ग) कक्षा एकमा बाहेक अन्य कक्षामा भर्ना हुनको लागि विद्यालयले लिने वार्षिक परीक्षाको लब्धाङ्क र स्थानान्तरण प्रमाणपत्र ।

(२) विद्यालयले शैक्षिक सत्रको बीचमा वा वार्षिक परीक्षा उत्तीर्ण नभएका विद्यार्थीलाई स्थानान्तरण प्रमाणपत्र लिई आए पनि अध्ययनरत कक्षाभन्दा माथिल्लो कक्षामा भर्ना गर्नु हुँदैन ।

(३) विद्यालयको एक तहमा भर्ना भएको विद्यार्थीले सोही विद्यालयको माथिल्लो कक्षामा पुनः भर्ना गर्नु पर्ने छैन ।

(४) विद्यार्थीले पहिलो पटक विद्यालयमा भर्ना हुन आउँदा साधारणतया आफ्नो अभिभावकलाई साथमा लिई आउनु पर्नेछ ।

(५) विद्यालयले विद्यार्थी भर्ना गर्दा निःशुल्क शिक्षाको प्रयोजनको लागि अभिभावकको नाम, ठेगाना समेतका विवरण माग गरी राख्नु पर्नेछ ।

(६) पाँच वर्ष उमेर पूरा नभएकालाई एक कक्षामा भर्ना र प्रन्ध्र बर्ष उमेर जुन सालको परीक्षामा सामेल हुने हो सोही सालको चैत्र मसान्त सम्ममा पूरा नभएकालाई माध्यमिक शिक्षा परीक्षामा समावेश गरिने छैन ।

(७) शिशु कक्षा तथा कक्षा १ मा भर्ना हुनलाई बच्चाको जन्म मिति दर्शाउने कुनै एक प्रमाण पत्र पेश गर्नपर्नेछ ।

**५७) स्थानान्तरण प्रमाणपत्र सम्बन्धी व्यवस्थाः** (१) कुनै विद्यार्थीले स्थानान्तरण प्रमाणपत्र लिनु परेमा अभिभावकको सिफारिस सहित विद्यालय छाड्नु परेको यथार्थ विवरण खुलाई प्रधानाध्यापक समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कक्षा दश र बाह्रमा अध्ययन गर्ने विद्यार्थीलाई स्थानान्तरण प्रमाणपत्र दिइने छैन ।

तर देहायका अवस्थामा शैक्षिकसत्र सुरु भएको दुई महिनाभित्र स्थानान्तरण भई आउने विद्यालयको सिफारिसमा शिक्षा शाखाको सहमति लिई स्थानान्तरण प्रमाणपत्र दिन सकिनेछ :

(क) स्थानान्तरण हुने विद्यार्थीको अभिभावक कर्मचारी रहेछ र निजको अन्यत्र सरुवा भएमा,

(ख) अभिभावकले बसाई सराई गरेको सिफारिस प्राप्त भएमा

(ग) विद्यार्थी विरामी भएको कारणले सोही स्थानमा राख्न नहुने भनी प्रचलित कानून बमोजिम स्वीकृत चिकित्सकले सिफारिस गरेमा, वा

(घ) अन्य कुनै मनासिब कारणले विद्यार्थी अन्यत्र स्थानान्तरण हुनु परेमा।

(३) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा प्रधानाध्यापकले आधारभूत तहको विद्यार्थीको हकमा निःशुल्क र माध्यमिक तहको विद्यार्थीको हकमा नगर शिक्षा समितिले तोके बमोजिमको शुल्क लिई सात दिनभित्र स्थानान्तरण प्रमाणपत्र दिनु पर्नेछ ।

(४) प्रधानाध्यापकले उपदफा (३) बमोजिमको अवधिभित्र स्थानान्तरण प्रमाणपत्र नदिएमा सम्बन्धित विद्यार्थीले स्थानीय शिक्षा अधिकृत समक्ष उजूरी दिन सक्नेछ र त्यसरी उजूरी पर्न आएमा शिक्षा अधिकृतले जाँचबुझ गरी स्थानान्तरण प्रमाणपत्र दिन उपयुक्त देखेमा प्रधानाध्यापकलाई यथाशीघ्र स्थानान्तरण प्रमाणपत्र दिन निर्देशन दिनेछ ।

(५) सक्कल स्थानान्तरण प्रमाणपत्र हराएमा वा नष्ट भएमा सम्बन्धित विद्यार्थी वा निजको अभिभावकले प्रतिलिपिको लागि त्यसको व्यहोरा खुलाई सम्बन्धित विद्यालयमा निवेदन दिन सक्नेछ र त्यसरी पर्न आएको निवेदन मनासिव देखिएमा प्रधानाध्यापकले निवेदकलाई स्थानान्तरण प्रमाणपत्रको प्रतिलिपि दिनेछ ।

(६) विद्यालयले कुनै विद्यार्थीलाई आफूले अध्यापन नगराएको कक्षाको स्थानान्तरण प्रमाणपत्र दिएमा त्यस्तो प्रमाणपत्र दिने प्रधानाध्यापकलाई कानूनबमोजिम कारबाही गरिनेछ र त्यसरी दिएको स्थानान्तरण प्रमाणपत्र रद्द हुनेछ ।

(७) संस्थागत विद्यालयको हकमा विद्यार्थीले जुन महिनामा स्थानान्तरण प्रमाणपत्र मागेको छ सो महिनासम्मको मासिक पढाई शुल्क र अन्य दस्तुर सोही विद्यालयमा बुझाउनु पर्नेछ । विद्यार्थीले लामो बिदा (वार्षिक जाडो वा गर्मीको बिदा) को अघिल्लो महिनामा स्थानान्तरण प्रमाणपत्र माग्न आएमा सो बिदाको शुल्क र अरु दस्तुर सोही विद्यालयमा बुझाउनु पर्नेछ ।

(८) विद्यालयले विद्यार्थीलाई स्थानान्तरण प्रमाणपत्र दिँदा सो प्रमाणपत्र पाउने विद्यार्थी वा निजको अभिभावकको रीतपूर्वक भरपाई गराउनु पर्नेछ ।

५७) स्तर वृद्धिको लागि भर्ना हुन चाहने विद्यार्थीलाई भर्ना गर्नु पर्ने : कक्षा दश र कक्षा बाह्रमा स्तर वृद्धि गर्ने । उद्देश्यले विद्यार्थी पुनः सोही विद्यालय र कक्षामा अध्ययन गर्न आएमा विद्यालयले त्यस्तो विद्यार्थीलाई भर्ना गर्नु पर्नेछ ।

५८) वार्षिक परीक्षा नदिने विद्यार्थीलाई कक्षा चढाउने सम्बन्धी व्यवस्था : कुनै विद्यार्थी विरामी परी वा निजको काबू बाहिरको परिस्थितिको कारण निजले वार्षिक परीक्षा दिन नसकेको सम्बन्धमा निजको अभिभावकले त्यसको प्रमाण सहित निवेदन दिएमा प्रधानाध्यापकले सो सम्बन्धमा जाँचबुझ गर्दा निवेदनको व्यहोरा मनासिव देखिएमा विद्यालयमा भएको अभिलेखबाट त्यस्तो विद्यार्थीले अन्य परीक्षामा राम्रो गरेको देखेमा आवश्यकता अनुसार मुख्य मुख्य विषयको परीक्षा लिई सो विद्यार्थीलाई कक्षा चढाउन सक्नेछ ।

तर,

(१) शैक्षिकसत्र सुरु भएको एक महिना पछि कुनै विद्यार्थीलाई कक्षा चढाइने छैन ।

(२) कक्षा नौ र एघारमा कुनै विद्यार्थीलाई कक्षा चढाइने छैन ।

**५८) कक्षा चढाउने सम्बन्धी अन्य व्यवस्था :** असाधारण प्रतिभा भएका विद्यार्थीलाई प्रधानाध्यापकले सो कक्षामा अध्यापन गर्ने शिक्षकहरूको सिफारिसमा बढीमा एक कक्षा चढाउन सक्नेछ । तर कक्षा नौ र एघारमा कक्षा चढाउन सकिने छैन ।

**५९) शैक्षिकसत्र, भर्ना गर्ने समय र काम गर्ने दिन :** (१) विद्यालयको शैक्षिकसत्र प्रत्येक वर्षको वैशाख एक गतेदेखि प्रारम्भ भई चैत्र मसान्तसम्म कायम रहनेछ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भए तापनि कक्षा एघार र बाह्रको हकमा शैक्षिक सत्र

श्रावण महिनावाट सुरु हुनेछ ।

(३) विद्यालयले शैक्षिकसत्र सुरु भएको मितिले सामान्यतया एक महिनाभित्र नयाँ विद्यार्थी भर्ना लिई सक्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको अवधि नघाई कुनै विद्यार्थी भर्ना हुन आएमा विद्यालयले त्यस्तो विद्यार्थीको अध्ययनको स्तर परीक्षण गर्दा निजले सो कक्षामा भर्ना भई वार्षिक परीक्षा उत्तीर्ण गर्न सक्ने देखिएमा त्यस्तो विद्यार्थीलाई अर्को एक महिनासम्म भर्ना गर्न सकिनेछ ।

(५) कुनै पनि विद्यालयले शैक्षिकसत्र सुरु नभई विद्यार्थी भर्ना गर्नु गराउनु हुदैन । तर कक्षा एकको उमेर समूह भन्दा कम उमेर भएका बालबालिकाको हकमा शैक्षिक सत्र प्रारम्भ हुनुभन्दा पन्ध्र दिन

अगावै प्रारम्भिक बाल शिक्षामा भर्नाको कार्य गर्न वाधा पर्ने छैन ।

(६) विद्यालयको एक शैक्षिकसत्रमा काम गर्ने दिन (अध्यापन समय) कम्तीमा दुईसय बीस दिन हुनेछ ।

(७) सामुदायिक विद्यालयको प्रधानाध्यापकले हप्ताको कम्तीमा बाह्र, सहायक प्रधानाध्यापकले हप्ताको कम्तीमा अठार र शिक्षकले हप्तामा कम्तीमा छब्बीस कक्षा अध्यापन गराउनु पर्नेछ ।

(९) भौतिक पूर्वाधार पूरा गर्न नसकेका विद्यालयले तोकिएको पाठ्यभारमा नघट्ने गरी विद्यार्थी संख्याको आधारमा एकै दिनमा एकभन्दा बढी समय (सिफ्ट) मा कक्षा सञ्चालन गर्न सक्नेछ । तर कक्षा सञ्चालन गर्दा आधारभूत तह वा माध्यमिक तहका कक्षाहरु एकै समय (सिफ्ट) मा सञ्चालन गर्नु पर्नेछ ।

**६०) विद्यालय विदा सम्वन्धमाः** (१) नेपाल सरकारले तोकेको सार्वजनिक बिदासंग तादाम्यता कायम हुने गरी शिक्षा अधिकृतले नगर शिक्षा समितिको सहमतिमा विद्यालयमा सार्वजनिक विदा निर्धारण गर्न सक्नेछ ।

(२) शिक्षा शाखाको निर्देशनमा एक शैक्षिकसत्रमा हिउँदे बिदा वा वर्षे बिदा वा दुवै गरी वढीमा पैंतालीस दिन विद्यालय विदा दिन सकिनेछ ।

(३) व्यवस्थापन समितिले एक शैक्षिकसत्रमा थप पाँच दिनसम्म स्थानीय बिदा दिई विद्यालय विदा गर्न सक्नेछ ।

(४) यस नियममा लेखिएदेखि बाहेक अन्य दिन विद्यालय बन्द गरेमा प्रधानाध्यापकलाई विभागीय कारबाही गरिनेछ ।

परिच्छेद १५

## बिदा तथा काज सम्बन्धी व्यवस्था

६१) शिक्षक तथा कर्मचारीले पाउने बिदा: (१) शिक्षक तथा कर्मचारीले देहाय बमोजिमका बिदाहरू पाउनेछ :

(क) भैपरी आउने बिदा वर्षभरिमा छ दिन,

(ख) पर्व बिदा वर्षभरिमा छ दिन,

(ग) बिरामी बिदा वर्षभरिमा बाह्र दिन,

(घ) प्रसूती बिदा प्रसूतीको अघि वा पछि गरी साठी दिन,

(ङ) प्रसूती स्याहार बिदा पन्ध्र दिन,

(च) किरिया बिदा पन्ध्र दिन,

(छ) असाधारण बिदा एक पटकमा एक वर्षमा नबढाई नोकरीको जम्मा अवधिमा बढीमा तीन वर्ष,

(ज) अध्ययन बिदा शिक्षकको सेवाको सम्पूर्ण अवधिमा एकै पटक वा पटक पटक गरी बढीमा तीन वर्ष,

(झ) बेतलवी बिदा बढीमा पाँच वर्ष ।

(२) भैपरी आउने बिदा र पर्व बिदा आधा दिन पनि लिन सकिनेछ। यस्तो बिदा सञ्चित हुने छैन ।

(३) शिक्षक तथा कर्मचारीले बिरामी बिदा सञ्चित गर्न सक्नेछ। शिक्षक तथा कर्मचारीले प्रत्येक वर्ष त्यस्तो बिदा निरीक्षकबाट प्रमाणित गराई राख्नु पर्नेछ । कुनै व्यहोराले शिक्षक तथा कर्मचारी सेवाबाट अवकाश भएमा निजको सञ्चित बिरामी बिदा बापत निजको पदाधिकार रहेको पदमा खाइपाई आएको तलब स्केलको दरले हुन आउने रकम निजले एकमुष्ट पाउनेछ ।

(४) कुनै ठूलो वा कडा रोग लागी उपचार गर्न बिरामी बिदाबाट नपुग हुने भएमा स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरी शिक्षक तथा कर्मचारीले पछि पाउने विरामी बिदाबाट कट्टा हुने गरी बाह्र दिनसम्म थप बिरामी बिदा पेश्कीको रूपमा त्यस्तो बिरामी भएको बखत लिन सक्नेछ। यसरी पेश्की बिदा लिएको शिक्षक वा कर्मचारीको मृत्यु हुन गएमा त्यस्तो पेश्की लिएको बिदा स्वत: मिनाहा हुनेछ ।

(५) सञ्चित बिरामी बिदाको रकम लिन नपाउँदै शिक्षक वा कर्मचारीको मृत्यु भएमा त्यस्तो सञ्चित विरामी बिदाको रकम निजले इच्छाएको वा नजिकको हकवालाले एकमुष्ट पाउनेछ ।

(६) कुनै पुरुष शिक्षक वा कर्मचारीको पत्नी प्रसूती हुने भएमा त्यस्तो शिक्षक वा कर्मचारीले प्रसूतीको अघिवा पछि गरी पन्ध्र दिन प्रसूती स्याहार बिदा पाउनेछ। प्रसूती स्याहार बिदा बसेको शिक्षक वा कर्मचारीले पूरा तलबपाउनेछ र यस्तो बिदा सेवा अवधि भरमा दुई पटकमात्र लिन पाइनेछ ।

(७) प्रसूती बिदा पाएको शिक्षक वा कर्मचारीले बढीमा दुईवटा बच्चाको लागि जनही एकमुष्ट पाँचहजार रुपैयाँ पाउनेछ ।

(८) कुनै शिक्षक वा कर्मचारीले कुल धर्म अनुसार आफै किरिया बस्नु परेमा वा त्यस्तो शिक्षक वा कर्मचारीको वावु आमा, वाजे वज्यै, छोरा छोरी वा विवाहित महिला शिक्षक वा कर्मचारीको सासु ससुराको मृत्यु भएमा वा पुरुष शिक्षकको हकमा निजको पत्नीको तथा महिलाको हकमा पतिको मृत्यु भएमा किरिया बिदा पाउनेछ । महिला शिक्षक वा कर्मचारीको पतिले किरिया बस्नु परेमा त्यस्तो महिला शिक्षक वा कर्मचारीले पनि किरिया बिदा पाउनेछ ।

(९) यस नियम बमोजिम किरिया बिदा लिने शिक्षक वा कर्मचारीले विद्यालयमा हाजिर भएको पन्ध्र दिन भित्र मृत व्यक्तिको मृत्यु दर्ताको प्रमाणपत्र तथा मृत व्यक्तिसँगको नाता देखिने प्रमाण पेश गर्नु पर्नेछ । यस्तो प्रमाणपत्र वा प्रमाण पेश नगर्ने शिक्षक वा कर्मचारीले त्यस्तो अवधिको लागि पाएको रकम निजले पाउने तलब रकमबाट कट्टा गरिनेछ ।

(१०) बिरामी परेको अवस्थामा बाहेक घटीमा पाँच वर्ष स्थायी सेवा अवधि नपुगेको शिक्षक वा कर्मचारीले असाधारण बिदा पाउन सक्ने छैन ।

(११) स्थायी सेवा पाँच वर्ष पुगेको शिक्षकलाई निजले अध्यापन गर्ने विषयमा एकतह माथिको उच्च अध्ययनका लागि तलब सहितको अध्ययन बिदा दिन सकिनेछ ।

(१२) उच्च अध्ययनका लागि बिदा स्वीकृत गर्दा नगर शिक्षा समितिले एक आर्थिक वर्षमा आधारभूत

तहको पहिलो र दोस्रो तहका लागि एक एक जना र माध्यमिक तहका लागि एक जनाको अध्ययन बिदा स्वीकृत गर्न सक्नेछ ।

(१३) अध्ययन बिदा दिंदा देहायको प्रक्रिया अबलम्बन गरिनेछ:-

(क) अध्ययन बिदा स्वीकृतिका लागि नगरपालिकामा सार्वजनिक रुपमा तोकिएबमोजिम सूचना गरी इच्छुक शिक्षकको निवेदन आह्वान गर्ने,

(ख) निवेदन दिने शिक्षकले आफ्नो प्रतिबद्धता पत्र, अध्ययनपछिको आफ्नो शिक्षण सिकाइको योजना र व्यवस्थापन समितिको सिफारिस पेश गर्नु पर्नेछ । त्यसरी पेश भएका प्रस्तावका आधारमा मनोनयनका लागि नाम छनौट गरी सूचना प्रकाशन गर्ने,

(ग) खण्ड (ख) बमोजिम मनोनयनका लागि छनौट भएका शिक्षकको नामावली उपर उजूरी गर्ने अवसर प्रदान गरिने छ । उजूरीकर्ताको उजूरीका आधारमा अन्तिम नामावली प्रकाशन गरी अध्ययनका लागि अन्तिम नाम छनौट गर्ने,

(घ) अन्तिम नाम छनौटमा परेका शिक्षकलाई कबुलियत गराई अध्ययनको अवधिका लागि अध्ययन बिदा स्वीकृत गरिनेछ । यसरी अध्ययन बिदा स्वीकृत भएका शिक्षकले प्रत्येक सेमेष्टर वा वार्षिक परीक्षाको नतिजा सहितको प्रतिवेदन शिक्षा शाखामा पेश गर्नु पर्ने,

(ङ) अध्ययन बिदा पाएका शिक्षकले आफूले कबुलियत गरे अनुसारको प्रतिवेदन शिक्षा शाखामा बुझाउनु पर्नेछ । अध्ययनमा सन्तोषजनक प्रगति नगर्ने शिक्षकको बिदा स्वीकृत भएको अवधि समाप्त नहुँदै रद्द गर्न सकिनेछ ।

(च) बिदा रद्द भएमा त्यस्ता शिक्षकबाट अध्ययन अवधिभर पाएको तलब असुल गरिने छ ।

**(६२) बेतलवी बिदा देहायका अवस्थामा दिइनेछः -**

(क) कुनै शिक्षक वा कर्मचारीको पति वा पत्नी विदेश स्थित नेपाली राजदूतावास वा नियोगमा खटिई गएको प्रमाण सहित त्यस्तो शिक्षकले बेतलवी बिदा माग गरेमा एकै पटक वा पटक पटक गरी नोकरी अवधिभर पाँच वर्षसम्म,

(ख) कुनै शिक्षक मुटु, मृगौला, क्यान्सर जस्ता कडा रोगका कारण लामो उपचारमा बस्नु पर्ने भए वा मुलुकभित्र वा बाहिर गई उपचार गराउनु पर्नै भनि मेडिकल बोर्डबाट सिफारिस भएमा कार्यपालिकाले एक पटकमा एक वर्ष र नोकरी अवधिभरमा बढीमा तीन वर्षसम्म दिन सक्नेछ ।

(६३) बेतलवी बिदाको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन ।

(६४) भैपरि आउने बिदा, पर्व बिदा, बिरामी बिदा, किरिया बिदा, प्रसूती बिदा, प्रसूति स्याहार विदा बस्ने शिक्षक तथा कर्मचारीले पूरा तलब पाउनेछ ।

(६४) (क) बिरामी विदा सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६५) असाधारण र बेतलबी बिदामा बसेको शिक्षक वा कर्मचारीले तलब पाउने छैन ।

६६) यस ऐन बमोजिमको बिरामी विदा, असाधारण बिदा, अध्ययन बिदा र वेतलवी बिदा बाहेकका अन्य बिदाहरु अस्थायी शिक्षक र राहत शिक्षकले समेत पाउनेछन् ।

६७) बिदा दिने अधिकारीः (१) प्रधानाध्यापकको बिदा विद्यालय व्यवस्थापन समितिको अध्यक्षले र शिक्षक वा कर्मचारीको बिदा प्रधानाध्यापकले स्वीकृत गर्नेछ । तर, एक पटकमा तीन दिनमा नबढाई पर्व वा भैपरी आउने बिदा प्रधानाध्यापक आफैले लिन सक्नेछ । सो भन्दा बढी पर्व वा भैपरी आउने बिदा लिनु परेमा प्रधानाध्यापकले व्यवस्थापन समितिको अध्यक्षलाई जानकारी दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि शिक्षक वा कर्मचारीको असाधारण बिदा, बेतलवी बिदा र अध्ययन बिदा व्यवस्थापन समिति र शिक्षा अधिकृतको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्नेछ ।

६८) बिदा नलिएको दिन सेवा अवधिमा गणना नहुनेः शिक्षक वा कर्मचारीले बिदा नलिई विद्यालयमा अनुपस्थित भएको दिन निजको सेवा अवधिमा गणना हुने छैन ।

६९). बिदा सहुलियत मात्र हुनेः बिदा अधिकारको कुरा नभएर सहुलियत मात्र हुनेछ ।

**७०) काज तथा दैनिक भ्रमण भत्ताः** (१) विद्यालय वा अध्यापन सम्बन्धी कामको लागि नगर कार्यपालिकाको आदेशानुसार कुनै सभा, सम्मेलन वा सेमिनारमा खटिने शिक्षक वा कर्मचारीले सोही आदेशमा तोकेको अवधिसम्मको लागि काज पाउने छ ।

(२) विद्यालयको कामको लागि शिक्षक वा कर्मचारीले प्रधानाध्यापकको र प्रधानाध्यापकले व्यवस्थापन समितिको अध्यक्षको लिखित अनुमति लिई बढीमा एक हप्तासम्म काजमा जान सक्नेछ ।

(३) सरुवा भएको शिक्षक वा कर्मचारीलाई सरुवा भएको विद्यालयमा हाजिर हुन जाँदा तोकिएको दरमा दैनिक तथा भ्रमण भत्ता बापतको रकम रमाना दिने विद्यालयले आफ्नै कोषबाट दिनु पर्नेछ ।

तर आफ्नो स्वेच्छाले सरुवा भई जाने शिक्षक वा कर्मचारीले यस उपनियम बमोजिम दैनिक तथा भ्रमण भत्ता बापतको रकम पाउने छैन ।

७१) यस परिच्छेदको व्यवस्था लागू नहुने : यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थागत विद्यालयको शिक्षक र आफ्नै स्रोतबाट व्यहोर्ने गरी सामुदायिक विद्यालयमा नियुक्त शिक्षकको सम्बन्धमा यस परिच्छेदको व्यवस्था लागू हुने छैन । त्यस्ता शिक्षकले विद्यालयद्वारा तोके बमोजिम बिदाको सुविधा पाउने छन् ।

७२) शिक्षक तथा विद्यालय कर्माचारी सजाय सम्बन्धी व्यवस्था संघीय कानुनले व्यवस्था गरे वमोजिम हुनेछ ।

परिच्छेद १६

# विद्यालयको सम्पत्ति संरक्षण सम्बन्धि व्यवस्था

७३) विद्यालयको सम्पत्तिको सुरक्षा : (१) विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ ।

(२) सामुदायिक विद्यालयको नाममा रहेको उपदफा १ वमोजिमको सम्पत्तिको विवरण शिक्षा शाखामा पठाउनु पर्नेछ र सो को लगत संकलन तथा अध्यावधिक गर्ने जिम्मेवारी शिक्षा शाखाको रहनेछ ।

(३) सामुदायिक विद्यालयको नाममा रहेको सम्पत्तिको अध्याविधक विवरण शिक्षा शाखाले वार्षिक रुपमा सार्वजनिक गर्नेछ ।

७४) विद्यालय सम्पत्ति संरक्षण सम्वन्धमा नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) विद्यालयको नाममा प्राप्त भई दर्ता हुन बाँकी रहेको जग्गा दर्ता गर्ने व्यवस्था मिलाउने

(ख) विद्यालयको नाममा रहेको सम्पत्तिलाई अधिकतम फाइदा हुने काममा प्रयोग गर्न व्यवस्थापन समितिलाई निर्देशन दिने,

(ग) विद्यालयको नाममा रहेको जग्गाको आम्दानी असूल उपर गर्ने व्यवस्था मिलाउने,

(घ) विद्यालयको सम्पत्ति कसैबाट हानी-नोक्सानी हुन गएमा सो भराउने व्यवस्था गर्ने,

(ङ) विद्यालयको विकास गर्ने काममा बाहेक विद्यालयको नाममा दर्ता भएका जग्गा वा अन्य सम्पत्ति बेचविखन वा स्वामित्व हस्तान्तरण गर्न नदिने,

(च) विद्यालयको जग्गा संरक्षण गर्न व्यवस्थापन समिति तथा प्रधानाध्यापकलाई सहयोग गर्ने ।

७५) विद्यालयको नामको जग्गा बिक्री गर्न वा धितो राख्न नहुने : विद्यालयको नामको जग्गा बिक्री वा धितो राख्न पाइने छैन ।

७६) विद्यालयको नामको जग्गा सट्टापट्टा गर्न नहुने : विद्यालयको नाममा रहेको जग्गा सट्टापट्टा गर्न पाइने छैन ।

७७) विद्यालयको नाममा सम्पत्ति राख्नु पर्ने : (१) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित विद्यालयले विद्यालयको अचल सम्पत्ति विद्यालयको नाममा रजिष्ट्रेशन पारित गर्नु पर्नेछ ।

(२) कम्पनीको रूपमा सञ्चालित संस्थागत विद्यालयले विद्यालयको अचल सम्पत्ति कम्पनीको स्वामित्वमा राख्नु पर्नेछ ।

७८) निजी शैक्षिक गुठी अन्तर्गत गरिएको लगानी हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था : निजी शैक्षिक गुठी वा त्यस्ता गुठीका सञ्चालकले आफ्नो लगानीको पूरै वा आंशिक हिस्सा विद्यालय सञ्चालनमा वाधा नपर्ने गरी आफ्नो उत्तराधिकारीको रुपमा नियुक्त गरेको गुठियारलाई प्रचलित कानून बमोजिम हस्तान्तरण गर्न सक्नेछ ।

७९) मिनाहा दिन सक्ने: प्राकृतिक विपद् वा कावु बाहिरको परिस्थितिले गर्दा सामुदायिक विद्यालयको सम्पत्ति हानी नोक्सानी हुन गएको प्रमाणित हुन आएमा वीस हजार रूपैयाँसम्मको भए प्रधानाध्यापकको सिफारिसमा व्यवस्थापन समितिले, पचास हजार रूपैयाँसम्मको भए व्यवस्थापन समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले, एक लाखपैयाँसम्मको भए अध्यक्ष वा प्रमुखले मिनाहा दिन सक्नेछ। सोभन्दा बढी रकम मिनाहा दिनु परेमा नगर कार्यपालिकाको सिफारिसमा नगरसभाले मिनाहा दिन सक्नेछ

परिच्छेद १७

# विद्यालयको बजेट, आय व्ययको लेखा तथा अन्य व्यवस्था

८०) विद्यालय कोषको सञ्चालन : (१) प्रत्येक विद्यालयमा विद्यालयको सम्पूर्ण आम्दानीहरु जम्मा गर्ने गरी एक विद्यालय संचालन कोष रहनेछ ।

(२) विद्यालयले संचालन कोषमा जम्मा भएको रकम व्यवस्थापन समितिको निर्णय बमोजिम खर्च गर्नु पर्नेछ ।

(३) विद्यालय संचालन कोषको सञ्चालन व्यवस्थापन समितिको अध्यक्ष वा सोही समितिले तोकेको व्यवस्थापन समितिको सदस्य र प्रधानाध्यापकको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि माध्यमिक विद्यालय संचालन कोषको सञ्चालन प्रधानाध्यापक र लेखासम्बन्धी काम गर्ने शिक्षक वा कर्मचारीको संयुक्त दस्तखतबाट गरिनेछ ।

(५) विद्यालय संचालन कोषको हिसाब-किताब लेखा राख्ने, बेरुजु फर्छ्यौट गर्ने काम प्रधानाध्यापक र लेखा सम्बन्धी काम गर्ने कर्मचारीको हुनेछ ।

(६) विद्यालयको कार्य सञ्चालनको लागि विद्यालय संचालन कोषको रकम शिक्षा शाखाले तोकिदिएको नजिकैको कुनै बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(७) विद्यालयको सम्पूर्ण खर्च विद्यालय संचालन कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ ।

८१) बजेट तयार गर्ने : (१) दफा ८० मा जेसुकै लेखिएको भए तापनी प्रधानाध्यापकले प्रत्येक वर्ष को मसान्त भित्र आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा,युवा तथा खेदकूद शाखामा समयमा पठाउनु पर्नेछ

८२) विद्यालयको आय व्ययको लेखाः (१) विद्यालयको आय व्ययको लेखा तोकिएको ढाँचामा व्यवस्थापन गर्नु पर्नेछ ।

(२) विद्यालयको आय व्ययको लेखा, बील, भरपाई लगायत आवश्यक कागजात राख्ने काम विद्यालयको लेखा सम्बन्धी काम गर्ने शिक्षक वा कर्मचारीको हुनेछ ।

(३) उपदफा (२) बमोजिम कागज प्रमाणित गराई राख्ने, राख्न लगाउने जिम्मेवारी प्रधानाध्यापकको हुनेछ ।

(४) उपदफा (१) बमोजिमको आय व्ययको लेखा राख्दा विद्यालयको काम कारबाहीको वास्तविक स्थिती थाहाहुने गरी मालसामानहरूको खरिद बिक्री र विद्यालयको नगदी, जिन्सी, जायजेथा दायित्व आदिको विस्तृत विवरण स्पष्ट रूपले खोलेको हुनु पर्नेछ ।

(५) विद्यालयको नगदी, जिन्सी, जायजेथामा कुनै किसिमको हिनामिना, हानी-नोक्सानी वा लापरबाही हुन नपाउने गरी सुरक्षित राख्ने र सोको लगत राख्ने तथा राख्न लगाउने दायित्व प्रधानाध्यापकको हुनेछ ।

(६) प्रधानाध्यापक र लेखा सम्बन्धी काम गर्न जिम्मेवारी तोकिएको शिक्षक वा कर्मचारीले विद्यालयको आय व्ययको प्रतिवेदन शिक्षा शाखाले तोकेको अवधि भित्र मासिक वा त्रैमासिक रूपमा सो शाखामा पठाउनु पर्नेछ ।

८३) लेखा परीक्षण गराउनेः (१) व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकले प्रत्येक वर्ष नगर

कार्यपालिकाबाट नियुक्त दर्तावाला लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) लेखा परीक्षणको सिलसिलामा प्रधानाध्यापकले विद्यालयको आय व्ययको बहीखाता लेखा परीक्षकले मागेको बखत जाँच्न दिनुपर्नेछ र निजले कैफियत तलब गरेको कुराको यथार्थ जवाफ समेत सरोकारवालालाई दिनु पर्नेछ ।

(३) विद्यालयको आय व्ययको लेखा नगर कार्यपालिकाबाट खटाइएको कर्मचारीले जुनसुकै बखत

जाँचबुझ गर्न सक्नेछ । यसरी जाँचबुझ गर्दा खटी आएको कर्मचारीले माग गरेको विवरण देखाउनु प्रधानाध्यापक, लेखाको जिम्मेवारी प्राप्त शिक्षक वा कर्मचारीको कर्तव्य हुनेछ ।

(४) यस ऐन बमोजिम लेखापरीक्षकले विद्यालयको लेखा परीक्षण गर्ने सिलसिलामा अन्य कुराका अतिरिक्त विद्यालयको आम्दानी र खर्चका बारेमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुसँग छलफल गरी आफ्नो प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(५) यस ऐन बमोजिम विद्यालयसँग स्वार्थ रहेको व्यक्तिले वा विद्यालय व्यवस्थापनका अध्यक्ष, सदस्य तथा प्रधानाध्यापकको नजिकको नातेदारले विद्यालयको लेखा परीक्षण गर्न पाउने छैन ।

८४) प्रतिवेदन पेश गर्नु पर्ने : लेखापरीक्षकले विद्यालयको लेखा परीक्षण गरी सकेपछि देहायका कुराहरू खुलाई सो सम्बन्धी प्रतिवेदन तयार गरी व्यवस्थापन समिति र शिक्षा शाखामा एक-एक प्रति पठाउनु पर्नेछः-

(क) सोधिएका र कैफियत तलब भएका कुराको जवाफ यथाशीघ्र भए नभएको,

(ख) पेश भएको आय व्ययको हिसाब रितपूर्वक भए नभएको,

(ग) आय व्ययको स्रेस्ता कानून बमोजिम राखे नराखेको,

(घ) विद्यालयको आय व्ययको लेखा यथार्थ रूपमा देखिने गरी वासलात दुरुस्त भए नभएको,

(ङ) कुनै शिक्षक वा कर्मचारीले कानून विपरीत कामकाज वा बेहिसाब गरे नगरेको,

(च) विद्यालयको कारोबार सन्तोषप्रद भए नभएको,

(छ) विद्यालयलाई जुन कामका लागि निकासा भएको हो सोही प्रयोजनमा खर्च लेखे नलेखेको,

(ज) विद्यालयको सम्पत्ति दुरुपयोग गरे, नगरेको

(झ) लेखा परीक्षकले मनासिव र आवश्यक सम्झेको अन्य कुरा ।

८५) विद्यालयको कामको सामाजिक परीक्षण गर्नेः सामुदायिक विद्यालयले आफ्नो कामको सामाजिक परीक्षण गर्नुपर्नेछ ।

८६) बरबुझारथ गर्ने : (१) विद्यालयको नगदी, जिन्सी मालसामानको लगत, स्रेस्ता राख्ने जिम्मा लिएको शिक्षक वा कर्मचारी सरुवा वा अन्य कारणबाट विद्यालय छोडी जाने भएमा आफ्नो जिम्मामा रहेको नगदी, जिन्सी मालसामानको बरबुझारथ सामान्यतया २१ दिनभित्र विद्यालयमा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बरबुझारथ नगर्ने शिक्षक तथा कर्मचारीलाई बरबुझारथ नगरेसम्म सरुवा भएको विद्यालयमा जान रमानापत्र दिइने छैन । साथै निजले कुनै रकम वा मालसमान हिनामिना गरेको रहेछ भने सो बापतको रकम निजले पाउने जुनसुकै रकमबाट असूल उपर वा सोधभर्ना गरिनेछ ।

८७) शिक्षक तथा कर्मचारीको तलब, भत्ता र अन्य सुविधा संघीय कानून अनुसार हुनेछ ।

८८) शिक्षक तथा कर्मचारीका निवृत्तीभरण, उपदान, उपचार खर्च र अन्य व्यवस्था संघीय कानून अनुसार हुनेछ ।

८९) शिक्षक तथा कर्मचारीका अवकास सम्बन्धी व्यवस्था संधीय कानून अनुसार हुनेछ ।

९०) शिक्षक तथा कर्मचारीको सजाय सम्बन्धी व्यवस्था संधीय कानूनले तोकेको मापदण्ड अनुसार हुनेछ ।

९१) वद्यालयको वर्गिकरण संघीय कानूनले तोकेको मापदण्ड अनुसार हुनेछ ।

९२) विद्यालय शुल्क सम्बन्धी व्यवस्था संधीय कानूनले बनाएको मापदण्ड अनुसार हुनेछ

परिच्छेद १८

# विविध

९३) नगरपालिकाले तोकिए बमोजिम जगेडा शिक्षकको व्यवस्था गरी तोकिएको आधारमा विद्यालयको पठन पाठन र शिक्षा सम्बन्धि कार्य गराउने छ।

९४) न.पा. भित्र सञ्चालित सस्थागत विद्यालयहरुले नगरपालिकामा तोकिए बमोजिम प्रगति बिवरण बुझाउनु पर्नेछ।

९५) नगरपालिका शिक्षा बिकास कोषको ब्यबस्था देहाय बमोजिम हुनेछ।

क. नगरपालिका प्रमुख, संयोजक

ख.प्रमुख प्रशासकीय अधिकृत सदस्य

ग. नगर शिक्षा समितिले मनोनित गरेको स्थानीय शिक्षाविद वा शिक्षा अधिकृत वा निजको काम गर्न तोकिएकाव्यक्ति एकजना सदस्य

९६) कोषमा देहाय बमोजिमका रकम रहन सक्नेछ :

क) संघीय सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

घ) अन्य स्रोतबाट प्राप्त रकम

९७) नगर शिक्षा विकास कोष सम्बन्धी अन्य ब्यबस्था तोकिए बमोजिम हुनेछ।

९८) दण्ड सजाय: (१) नगरपालिकाले नगरपालिका भित्र विद्यालयहरुमा कार्यरत शिक्षक, कर्मचारीहरुले गरेको कसुर हेरी तोकिए बमोजिम प्रक्रिया अवलम्बन गरी दण्ड सजाय गर्नेछ ।

९९) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असुल गरी विगो बमोजिम जरिवानागर्न सक्नेछ।

१००) कसैले देहायका कार्य गरेमा, गर्न लगएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके वमोजिम सजाय हुनेछ :-

क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्ने प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

झ) कानून विपरीतको अन्य कार्य गरेमा,

ञ) कानून बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर फौजदारी अभियोगमा प्रहरी हिरासत वा मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ।सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ।

१०१) पुनरावेदनः तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून वमोजिम पुनरावेदन लाग्नेछ।

१०२) नियम बनाउने अधिकारः (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियमबनाउन सक्नेछ ।

१०३) शिक्षा परामर्श सभा गठन गर्न सक्ने :नगर  कार्यपालिकाले आवश्यक ठानेमा समग्र शिक्षाको स्थिति पहिचान गरी शैक्षिक उन्नयनका लागि आवश्यक परामर्श दिन एक सर्वपक्षीय वृहत शिक्षा परामर्श सभा गठन गर्न सक्ने छ।

१०४) संक्रमणकालीन व्यवस्था :

१) यो ऐन संघीय शिक्षा ऐन र प्रदेश शिक्षा ऐन नबनुनजेल यथावत रहने छ । संघीय शिक्षा ऐन र प्रदेश शिक्षा ऐन ले दिशा निर्देश गरेका प्रावधानहरुबाट यस ऐनमा केही थपघट गर्नुपरे सोही अनुरुप गरिनेछ ।

(१) (क) यो ऐन प्रारम्भ भएपछि एक पटकको लागि विद्यालय संचालन तथा कक्षा थप सम्बन्धि अनुमतिको सम्बन्धमा तोकिए बमोजिम हुनेछ ।

२) यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली पारित नहुँदासम्म नगर कार्यपालिकाले गरेको निर्णय बमोजिम हुनेछ ।

३) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति नगर कार्यपालिकाले दिन सक्नेछ ।

१०५) बाधा अडकाउ फुकाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ रत्यस्तो आदेश यसै ऐन सरह मानिनेछ।तर यस्तो आदेश नगर  कार्यपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय   हुनेछ ।

१०६) बचाउ र लागू नहुनेः

१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ।

२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्नेछैन।

३)यस ऐनका दफाहरु संविधान, संघीय शिक्षा ऐन र प्रदेश कानूनसँग बाझिएमा वाझिएको हदसम्म स्वतः निस्क्रीय हुनेछन् ।

४) शिक्षा ऐन २०२८ (संशोधन सहित) बमोजिम नियुक्त शिक्षक, कर्मचारीहरुलाई नेपाल सरकारबाटदिइदै आएको सेवा, सर्त र सुविधामा कुनै किसिमको कटौती गरिने छैन । निजहरुले खाइपाई आएको सुबिधा यसै ऐन अनुरुप दिइएको मानिने छ । तर यो व्यवस्थाले कानून वमोजिम दन्ड, सजाय र कारवाही गर्न वाधा पर्ने छैन ।

आज्ञाले,

**देवनाथ पोखरेल**

प्रमुख प्रशासकीय अधिकृत